बालबालिकाको खानपानः अभिभावकले दिनुपर्छ ध्यान ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय ‘क’ वर्ग

epprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० कात्तिक २० गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 06 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७४


## सर्लाहीमा नेपालीभन्दा भारतीय सवारीसाधन बढी

# अपराध बढेसँगै ट्राफिकद्वारा चेकजाँचमा कडाइ

नितेश कर्ण, वीरगंज, १९ कात्तिक/

सर्लाही प्रहरीले सदरमुकाम मलङ्ङवासहितका क्षेत्रमा भारतीय सवारीसाधनको चेकजाँचमा कडाइ गरेको छ ।




तस्वीरः प्रतीक

सर्लाहीमा पछिल्लो समय निरन्तर आपराधिक घटनाहरू हुन थालेपछि अपराध नियन्त्रणका लागि सदरमुकाम मलङ्ङवालगायतका क्षेत्रमा भारतीय सवारीसाधनको चेकजाँचमा कडाइ गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, सर्लाहीका प्रमुख मदन थापाले बताए । सर्लाही जिल्ला भारतीय सीमा क्षेत्रसँग जोडिएको कारण यहाँ अधिकांश सवारीसाधन भारतीय नम्बर प्लेटको सञ्चालन हुने गरेको छ । नियमतः भन्सार तिरेर चार पाङ्ग्रे भारतीय सवारीसाधनहरू नेपाल प्रवेश गर्नुपर्ने अथवा दैनिक इन्ट्री गरेर सोही दिन फर्कने गरी नेपाल प्रवेश गर्न पाउने प्रावधान रहे पनि सो विपरीत सर्लाहीमा अधिकांश भारतीय नम्बर प्लेटका सवारीसाधन दुई पाङ्ग्रे, चारपाङ्ग्रे सञ्चालन हुने गरेका छन् । नेपाली नम्बरका सवारीसाधनभन्दा भारतीय नम्बर प्लेटका सवारीसाधनहरू यो जिल्लामा सञ्चालित छन् ।

जनप्रतिनिधि, व्यापारी, पत्रकार र सुरक्षाकर्मीसँगै सर्वसाधारणहरूले भारतीय नम्बर प्लेटका सवारीसाधन प्रयोग गर्ने गरेका छन् । सुरक्षाकर्मीहरूसमेतले भारतीय नम्बरका सवारीसाधनहरू प्रयोग गर्ने गरेका कारण यहाँ सर्वसाधारणहरूले निर्बाधरूपमा भारतीय नम्बरका सवारीसाधनहरू प्रयोग गर्ने गरेका छन् । प्रमुख जिल्ला अधिकारी कमलप्रसाद धमलाले नियम कानूनविपरीत भारतीय नम्बरका सवारीसाधनहरू सञ्चालनमा रहेका र उनीहरूले भन्सारबाट वैधानिकरूपमा नभित्रिएको र विभिन्न अपराधमा भारतीय नम्बर प्लेटका सवारीसाधनहरू प्रयोग भएको पाइएकाले चेकजाँचमा कडाइ गरिएको बताए ।

भारतीय सवारीसाधनको वैधानिक प्रवेशाज्ञा र कागजात चेकजाँच भएको र आवश्यक कागजात नभएका सवारीसाधनहरूमाथि कारबाई प्रक्रिया अगाडि बढाइएको उनले बताए । ट्राफिक प्रहरी प्रमुख थापाले सीमा क्षेत्र भएको कारण भारतीय सवारीसाधनबाट लागूऔषधको समेत तस्करी हुने गरेको पाइएकाले कडाइ गरिएको र मातहतका सबै युनिटलाई यस सम्बन्धमा निर्देशन गरिएको बताए ।

मलङ्ङवावासीले पनि भारतीय सवारीसाधनमाथि कडाइप्रति खुशी व्यक्त गरेका छन् । उनीहरूले यो नियम स्थानीय सबैमा लागू हुनुपर्ने माग गरेका छन् । सर्लाहीको सदरमुकाम मलङ्ङवासहित बरथहवा, ईश्वरपुर, हरिपुर, बुढौता, बलरा, हरिपूर्वालगायतका सीमावर्ती क्षेत्रमा भारतीय सवारीसाधनहरूको प्रयोग बढी भएको पाइएको छ ।

## सामाजिक सञ्जालको गलत प्रयोग गरे कारबाही हुने चेतावनी

काठमाडौं, १९ कात्तिक/रासस

गृह मन्त्रालयले टिकटकलगायत सामाजिक सञ्जालको मर्यादितरूपमा प्रयोग गर्न सम्बद्ध पक्षसँग आग्रह गरेको छ ।

गृह मन्त्रालयले आइतवार एक विज्ञप्ति जारी गरी सामाजिक सञ्जालमा सम्प्रेषण गरिएका गलत सामग्रीले व्यक्ति र समाजमा नकारात्मक प्रभाव पार्नाका साथै व्यक्तिको चरित्र हत्या हुने, शान्तिसुरक्षाको अवस्थामा प्रभाव पार्ने, जातीय, भाषिक, धार्मिक सद्भाव खलबल्याउने र राष्ट्रिय एकता तथा राष्ट्रहितमा प्रतिकूल असर पार्ने भएकाले त्यस्ता सामग्री सञ्जालमा नराख्न अनुरोध गरेको हो ।

मन्त्रालयले सामाजिक सञ्जालको दुरुपयोग रोक्न तथा दोषीउपर कानूनी कारबाही गर्न र गलत सामग्री सञ्जालबाट स्वतः हट्ने व्यवस्था मिलाउन सिङ्गापुरस्थित टिकटक कार्यालय र नेपाल प्रहरीको साइबर ब्युरोलगायत सरकारी निकायहरूबीच सहकार्य बढाउने उद्देश्यले गत शुक्रवार गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सुरक्षा निकाय, सरकारी निकाय एवं टिकटकका अन्तर्राष्ट्रिय प्रतिनिधिबीच भएको छलफल भएको जनाउँदै सामाजिक सद्भाव बिगार्ने, विद्वेष फैलाउने, विशिष्ट व्यक्तिहरूको मानमर्दन गर्ने, जातीय, धार्मिक, सामाजिक सद्भाव बिगार्ने र अश्लील गतिविधि तथा सामग्री हटाउने र त्यस्ता सामग्री सञ्जालमा राख्ने व्यक्ति पत्ता लगाइ कानूनी दायरामा ल्याउन सहज हुने भएकाले कानूनी कारबाही गर्ने जनाएको छ ।

मन्त्रालयले जिम्मेवार नागरिकका रूपमा कानूनसम्मत शिक्षामूलक र सामाजिक सद्भाव नबिगार्ने सामग्री मात्र सामाजिक सञ्जालमा राख्न अनुरोध गर्दै गैरकानूनी काम गरेमा कानून अनुसार कारबाही गर्ने चेतावनी दिएको छ ।

## अपाङ्ग र सपाङ्ग बालबालिकालाई सहयोग

प्रस, पोखरिया, १९ कात्तिक/

महिला सशक्तीकरणका लागि महिला नामक संस्थाले ठोरी गाउँपालिका–३ ब्रह्मनगरका दुईजना अपाङ्ग र एकजना सपाङ्गलाई सहयोग गरेको छ ।

पूर्ण अपाङ्ग एका मोक्तान, विमेक मोक्तान र सपाङ्ग सुष्मिता मोक्तानलाई संस्थाको तर्फबाट सामाजिक कार्यकर्ता प्रकाश थारूले कम्बल, न्यानो कपडा, चाउचाउ, बिस्कुट, हर्लिक्सलगायतको खाद्यान्न सहयोग गरेका थिए । कार्यक्रममा सर्पदंश उपचार केन्द्रका अध्यक्ष मानबहादुर श्रेष्ठ, ग्रामीण पत्रकार समाजका अध्यक्ष धर्मेन्द्र चौरसियालगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

यस प्रकारका घटनामा सेवा केन्द्रमा आएर उपचार गराउन सुझाएका थिए ।

## गण्डक नहर सडक निर्माणमा अनियमितताको आरोप



तस्वीरः प्रतीक

प्रस, पोखरिया, १९ कात्तिक/

रौतहटको अरुवा पुलदेखि पर्साको दसौंतासम्म नारायणी सिंचाइ गण्डक नहर अन्तर्गत ६५ किलोमिटर सडक कालोपत्र भइरहेको छ ।

गण्डक नहर अन्तर्गत पर्सामा अहिले पाँच किलोमिटर मात्र गण्डक नहरको सडक कालोपत्र हुन बाँकी छ ।

सोबाहेक सडक कालोपत्र भइसकेका छन् । यो सडकखण्डको कालोपत्र गर्ने ठेक्का शिवालय/दिवा जेभीले लिएको छ । भारत सरकारको एक्जिम बैंकको ऋण सहयोगमा एक अर्बको लागतमा गण्डक नहर कालोपत्र गरिँदैछ । र ौतहटको अरुवा पुलदेखि पर्साको दसौता सम्म ६१.९ किलोमिटर सडक बनाउने क्रममा अहिले अनियमितता भएको पाइएको छ ।

कालोपत्र गर्ने क्रममा ग्राभेल बिछ्याउँदा जगरनाथपुर गाउँपालिकाको गण्डक नहरस्थित हनुमान मन्दिरदेखि दसौतासम्मको क्षेत्रमा अनियमितता भएको स्थानीयको आरोप छ । ठेकेदारले ग्राभेल बिछ्याउने क्रममा ६५ प्रतिशत गिट्टी, ३५ प्रतिशत मसिनो गिट्टी र बालुवा भएको ग्राभेल प्रयोग गर्नुपर्नेमा सो नगरी अत्यधिक माटो र बालुवा भएको ग्राभेल प्रयोग भइरहेको स्थानीयको आरोप छ ।

यसबारेमा इन्जिनीयर राकेश रजकसँग बुझ्दा उनले ग्राभेलको गुणस्तरमा कुनै कमीकमजोरी नभएको दाबी गरे । उनले ०.०५ एमएम पनि ग्राभेलमा गणना हुने र सोही स्तरको ग्राभेल प्रयोग भएकोले आम मानिसले माटो भनेर आरोप लगाउने गरेको बताए ।

## सर्प, बिच्छी टोकाइबाट बच्न सचेतना कार्यक्रम

प्रस, पोखरिया, १९ कात्तिक/

सर्पदंश उपचार केन्द्रको सहयोगमा सोमवार ठोरी गाउँपालिका–५ चमरीटोलमा सर्प, बिच्छी तथा विषालु कीराको टोकाइबाट बच्न जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ ।




तस्वीरः प्रतीक

स्थानीयवासीलाई विषालु कीराको टोकाइबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि उपायहरू अवलम्बन गर्न सिकाइएको थियो ।

सेवा केन्द्रका अध्यक्ष मानबहादुर श्रेष्ठ र सबुज गण निर्मलबस्तीका क्याप्टेन दिनेश तामाङ तथा सामाजिक कार्यकर्ता प्रकाश थारूले सर्प, बिच्छी र विषालु कीराहरूको टोकाइपछि प्राथमिक उपचारको लागि अस्पतालको सहारा लिन सुझाएका थिए । उनीहरूले धामी, झाँक्रीकहाँ जानु ज्यान जोखिममा पार्नुबाहेक केही नभएको बताउँदै सम्भव भए विषालु सर्प, बिच्छीको पहिचान गर्ने र चिकित्सकलाई सोबारे जानकारी गराएर उपचारमा सहयोग पुऱ्याउन सुझाए ।

उनीहरूले सर्पमा डोर र हररा सर्पको दंशबाट विषको प्रभाव अन्य विषालु सर्पसरह नहुने हुँदा कुन सर्पले टोकेको हो भन्ने विषयमा पहिचान गर्दा उपचारमा सहयोग हुने बताए । कुनै पनि अवस्थामा धामीझाँक्रीको सहयोग नलिएर तुरुन्त अस्पताल जान सुझाएका थिए ।

सर्पदंश केन्द्रका अध्यक्ष श्रेष्ठले ठोरी क्षेत्रमा सर्प र बिच्छी दंशका घटना बढी हुने गरेकाले सर्पदंश सेवा केन्द्रको स्थापना गरिएको बताउँदै अन्यत्र अस्पतालको सट्टा

## जिडी फर्मास्युटिकल्सका मजदूरद्वारा धर्ना

प्रस, वीरगंज, १९ कात्तिक/

जिडी फर्मास्युटिकल्स परवानीपुरका मजदूरहरू आन्दोलनमा उत्रेका छन् । तलब सुविधा नपाएको विरोधमा उनीहरू आइतवार कारखाना मालिक घनश्याम चाचानको वीरगंज–१० आदर्शनगरस्थित घरअगाडि धर्ना दिएका थिए ।

जिडी फर्मास्युटिकल्सको पहिले सोही ठाउँमा कारखाना थियो र पछि जीतपुरमा स्थानान्तरण भएपछि मुख्य कार्यालय बनाइएको छ ।

मजदूरहरूले चार महीनादेखि तलब सुविधा नपाएको र यसअघि दुई महीना अगाडि आन्दोलन गर्दा श्रम कार्यालयको अगुवाइमा कारखाना मालिकले तलब सुविधा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेपछि आन्दोलन स्थगन गरेको बताएका थिए । सोपश्चात् पनि कारखाना सञ्चालकले मजदूर र कर्मचारीहरूको तलब सुविधा नदिएपछि बाध्य भएर आजदेखि घरअगाडि धर्ना दिनुपरेको एकजना मजदूरले बताए ।



तस्वीरः प्रतीक

चाडपर्वको बेलामा पारिश्रमिक नपाउँदा निकै कष्ट भएको र सो कुरालाई कारखाना सञ्चालकले मनन नगरेको उनीहरूको आरोप छ ।

## विचारसार र सूक्तिहरू

**कसैले कुनै दार्शनिकसँग सोधे– जीवनको अर्थ के हो ? दार्शनिकले जवाफ दिए– जीवनको आफैं कुनै अर्थ छैन, यो त अर्थ खोज्ने एउटा अवसर हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# वायु प्रदूषण

**विषाक्त धूवाँका कारण भारतको राजधानी नयाँ दिल्लीका विद्यालयहरू केही दिन बन्द गरिएका छन् । विषाक्त धूवाँले नयाँ दिल्लीका तीन करोड बासिन्दाको जीवन कष्टपूर्ण बनेको छ । किसानले जलाएको परालको धूवाँ, सवारीसाधनबाट निस्कने धूवाँ र कारखानाको उत्सर्जनले हरेक जाडोयाममा नयाँ दिल्लीलाई घातक धूवाँले ढाक्ने गरेको छ। अनुगमनकर्ता संस्था आइक्यूएयरका अनुसार बितेको शुक्रवार पिएम २.५ कणहरूको स्तर विश्व स्वास्थ्य सङ्गठनले तोकेको भन्दा दैनिक ३५ गुणा बढी थियो । कुनै पनि ठोस, तरल र ग्याँस पदार्थहरू हाम्रो वायुमण्डलमा हुनुपर्नेभन्दा अलि बढी मात्र भयो र त्यसले स्वास्थ्यमा असर गर्छ भने त्यो वायु प्रदूषण हो। पिएम भनेको पार्टिकुलेट म्याटर अर्थात् मसिना कणहरू हुन्। पिएम २.५ माइक्रोनभन्दा मसिना कणहरू हाम्रो शरीरको भित्री भागसम्म पनि जान सक्छ । पिएम १० माइक्रोनभन्दा सानो हो, त्यो हाम्रो नाकबाट भित्र छिर्दैन । नाकको रौंले त्यसलाई रोक्छ । स्वास्थ्यमा दीर्घकालीनरूपमा असर गर्ने भनेको मसिना कणहरूले हुन् । हाम्रो कपालको मोटाइ करीब ६० माइक्रोन हुन्छ। २.५ माइक्रोन भनेको कपालको मोटाइभन्दा २५ गुणा सानो हुन्छ। ती कणहरू शरीरभित्र गएपछि फोक्सोसम्म जान्छ। एकदम मसिना ती कणहरू फोक्सोबाट पनि रक्तसञ्चारमा जान सक्छ । त्यसैले वायु प्रदूषणले असर नगर्ने कुनै अङ्ग वा प्रणाली छैन ।**

**सामान्यतया हावामा नाइट्रोजन, अक्सिजन, कार्बनडाइअक्साइड हुन्छ । यो एउटा कम्पोजिसनमा मिलेर बसेको हुन्छ । यसको सन्तुलन बिग्रनु नै वायु प्रदूषण हो । भारतको नयाँ दिल्लीमा वायु प्रदूषित हुँदा त्यसको असर नेपालसम्म आइपुग्ने गरेको छ। हाम्रो मुलुक पनि वायु प्रदूषणले आक्रान्त मुलुक हो। त्यसमा पनि भारतको प्रदूषण थपिंदा थप समस्याको सामना गरिरहनुपरेको छ। वायु प्रदूषणबाट सिर्जित रोग तथा समस्याका कारण नेपालमा वार्षिक सरदर ४० हजारजना सर्वसाधारणको ज्यान गइरहेको अनुसन्धानकर्ता संस्थाहरूको तथ्याङ्कमा उल्लेख छ ।**

**नेपालमा सबैभन्दा बढी वायु प्रदूषण मधेस प्रदेशमा देखिएको छ । अमेरिकाको युनिभर्सिटी अफ सिकागोले दुई वर्षअघि सेटेलाइट माध्यमबाट गरेको अध्ययन अनुसार मधेस प्रदेश बढी प्रदूषित भएको रिपोर्टमा उल्लेख छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले निर्धारण गरेको मापदण्ड अनुसार वायुमण्डलमा पिएम २.५ को स्तर वार्षिक सरदर पाँच माइक्रोग्राम प्रतिघनमिटर तोकिएको छ। नेपालको सन्दर्भमा वायु गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ ले पिएम २.५ मापन गर्दा प्रतिघनमिटर वायुमा वार्षिक औसत ४० माइक्रोग्रामसम्म सूक्ष्म कण भएमा गुणस्तरीय वायु भनेर तोकेको छ । युनिभर्सिटी अफ सिकागोको रिपोर्टमा मधेस प्रदेशका जिल्लाहरूमा न्यूनतम ६८ देखि ८१.७ माइक्रोग्राम प्रतिघनमिटर पिएम २.५ को स्तर पाइएको छ। काठमाडौं उपत्यकाको प्रदूषण मधेसको भन्दा बढी छ। प्रदूषणको मात्रा हिउँद महीनामा झन वृद्धि हुन्छ। त्यसैगरी, डढेलोको मौसममा पनि तराई–मधेस क्षेत्रमा पिएम २.५ को स्तर उच्च हुने गरेको छ । नेपालको संविधानले निर्दिष्ट गरेको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारलाई नागरिकले उपभोग गर्न पाएका छैनन्। प्रदूषण नियन्त्रणमा नीतिगतदेखि कार्यान्वयन तहसम्मको फितलोपन र हचुवापनले मलजल हुँदै आएको छ। वायुको गुणस्तरबाट परिरहेको असरलाई समयमा नै सम्बोधन गर्न आवश्यक नीति, योजना र प्राथमिकतामा आधारित रहेर उपयुक्त कार्यक्रमको खाँचो देखिएको छ ।**

# बालबालिकाको व्यक्तित्व विकास कसरी गर्ने ?

शिक्षा नेपाल

अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**विद्यार्थी जीवन संयम, तपस्या र साधनाको जीवन हो । विद्यार्थी जीवन मौजमस्ती गर्ने जीवन होइन । हरेक विद्यार्थीले आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्छ र नराम्रो बानीबाट बच्ने प्रयास गर्नुपर्छ । खेल्नु उनीहरूको लागि आवश्यक छ तर मोबाइलमा होइन ।**

मानिस एउटा सामाजिक प्राणी हो। सार्थक समाजको अभावमा मानिसको विकास सम्भव छैन। समाजको पहिलो एकाइ परिवार हो । केटाकेटीहरूको शिक्षण समाजमा अवस्थित विद्यालयमा हुन्छ तर उनीहरूको व्यक्तित्व विकास घरकै पाठशालामा हुन्छ। आमाको कर्तव्य जुन दिनदेखि बच्चा गर्भमा आउँछ, त्यसै दिनदेखि शुरू हुन्छ। केटाकेटीको स्वास्थ्य र मस्तिष्क विकासका लागि आमाले गर्भावस्थादेखि पाँच वर्षसम्म सकारात्मक चिन्तन र खानपानमा विशेष ध्यान दिनु आवश्यक हुन्छ किनभने आमाको केटाकेटीसँग विशेष सम्बन्ध हुन्छ । आमाको नजीक हुनु, खेल्नु, कुराकानी गर्नु यी सबैको प्रभाव केटाकेटीहरूमाथि बढी नै पर्दछ । पाँच वर्षपछि शिक्षाको जवाफदेहिता अन्य मानिसको काँधमा जान्छ । हुनत आमाबुवाको जिम्मेवारी सधैं रहिरहन्छ तर पाँच वर्षपछि यो जिम्मेवारी बुवाको काँधमा सर्छ।

यस कारण यदि आफ्नो भावी पीढीलाई राम्रो बनाउनु छ भने घरलाई एउटा पाठशालाको रूपमा विकसित गर्नुपर्छ । आमा, बुवा वा घरका अन्य सदस्यको स्वभाव, काम गर्ने तरीका, घरको व्यवस्था र वातावरण यस्तो हुनुपर्छ जसमा केटाकेटीहरू आफैं विकसित हुँदै जाऊन्। केटाकेटीहरूलाई कस्तो बनाउनु छ, कसरी बनाउनु छ ? उनीहरूलाई संस्कारी बनाउनु छ कि कुसंस्कारी, यसको लागि उनीहरूलाई मात्र उपदेश दिएर केही हुँदैन । उपदेश कानले मात्र ग्रहण गर्छ। जबसम्म उपदेश स्वभावमा परिणत हुँदैन र त्यसको कुनै अर्थ हुँदैन। यस कारण भनेर मात्र काम चल्दैन, आफ्नो व्यवहारद्वारा उसलाई सिकाउनुपर्छ। हामीले सन्तानलाई जस्तो बनाउन खोजेका हौं घरको वातावरण पनि त्यस्तै बनाउनुपर्छ । यसका लागि सबभन्दा पहिले स्वयं र घरका अन्य सदस्य सोही अनुरूप ढल्नुपर्छ। यदि अन्य सदस्य सो अनुरूप आचरण गर्दैनन् भने मुख्य व्यक्तिले केटाकेटीहरूको लागि घरको वातावरण व्यवस्थित गर्नुपर्छ । अर्थात् आफ्नो दैनिकी र उठ्ने, बस्ने क्राम सही बनाउनुपर्छ । एक अर्कासँग सभ्य व्यवहार गर्नुपर्छ। बच्चा जन्माउनु छ भने उसलाई कसरी सुविकसित र सुसंस्कृत बनाउनुपर्छ, त्यस कुरामा अभिभावकले ध्यान दिनुपर्छ।

यदि सन्तानलाई मूसा–बिरालोजस्तो पाल्नुछ भने भन्नु केही छैन। घरको कुनै पनि सदस्यले चाहे जसरी व्यवहार गरोस्, जस्तो आचरण गरोस् तर सन्तानले राम्रो गरोस् भन्ने कल्पना असम्भव हो। घरको वातावरणको लागि अभिभावक जिम्मेवार हुनैपर्छ । केटाकेटीहरू ५–६ घण्टाको लागि मात्र विद्यालय जान्छन् र फर्केर घर आउँछन् । यसर्थ उनीहरूमाथि घरको बढी प्रभाव पर्छ । १७–१८ घण्टा उनीहरू घरमैं हुन्छन् । वास्तविक पाठशाला त घर नै हो । विद्यालयमा पढाएर कसैले यदि सुनौलो सपना देख्छ भने त्यो गलत हो । पहिले र अहिलेमा धेरै फरक छ । पहिलेका शिक्षकहरू विद्यार्थीको पढाइलेखाइमा जति ध्यान दिन्थे त्यसभन्दा बढी ध्यान उनीहरूलाई संस्कारी कसरी बनाउने कुरामा ध्यान दिन्थे। उनीहरूमा कसरी सुधार ल्याउने कुरा दिनहुँ छलफल गरिन्थ्यो। शिक्षकहरू सधैं अभिभावकको सम्पर्कमा हुन्थे। वर्तमानजस्तो मोबाइल र इन्टरनेट त्यस बेला थिएन। वर्तमानमा घरको वातावरण पनि बिग्रँदै गइरहेको छ। यस कारण विद्यालय शिक्षा पर्याप्त छैन। यदि भावी पीढीलाई राम्रो बनाउनु छ भने अभिभावकहरूले घरको वातावरण, घरको रहनसहनमा सुधार ल्याउन आवश्यक छ।

यसपछि विद्यालयका शिक्षकहरूको नम्बर आउँछ । शिक्षकलाई आमाबुवा भन्दा श्रेष्ठ यस कारणले भनिएको छ किनभने अभिभावकहरूसँग अक्षर ज्ञान गराउने समयको अभाव छ र धेरैजसो अभिभावक योग्य पनि छैनन् । जोसँग योग्यता छ उनीहरूले पनि १०–२० मिनेट भन्दा बढी समय खर्च गर्दैनन् । शिक्षक नै यस्ता सुसंस्कृत व्यक्ति हुन् जसलाई ५–६ घण्टा विद्यालयमा बस्नुपर्छ । यस कारण आमाबुवापछि केटाकेटीहरूको व्यक्तित्व निर्माण गर्ने जिम्मेवारी शिक्षकको हुन्छ, किनभने केटाकेटीहरूको लागि उनीहरू नै शासक हुन्, मार्गदर्शक हुन् र राजा हुन्। यस कारण शिक्षकको स्वभाव, विचार र व्यवहारको छाप विद्यार्थीमाथि पनि पर्छ। शिक्षकले कसरी र कस्तो छाप विद्यार्थीमाथि पार्न चाहन्छ त्यसका लागि कति प्रयास गर्दछ त्यो शिक्षकको बुद्धिमत्तामाथि भर पर्छ।

एउटा राजाको गुनासो के थियो भने उसको छोरा न पढलेख गर्छ, न उसको कुरै सुन्छ । उनी विष्णु शर्मा नामक शिक्षक कहाँ आफ्नो छोरोलाई पढ्न पठाउँछन् । शिक्षकले पढ्नका लागि काठको स्लेट र कलम दिए तर राजकुमार पढ्न मानेनन् । त्यसपछि शिक्षकले शिक्षण विधि परिवर्तन गरे र कथाको माध्यमबाट पढाउन थाले । कहानी सुन्दासुन्दै राजकुमार राजनीति र अर्थ व्यवस्थाबारे निपुण भए । यो देखेर राजा पनि खुशी भए । शिक्षक यदि सीपयुक्त छ भने विद्यार्थीलाई चाहेजस्तो बनाउँन सक्छ । वर्तमानमा शिक्षकलाई सरकारी पाठ्यक्रम पूरा गर्नुपर्ने हुन्छ। विद्यार्थीहरूलाई राम्रो ग्रेड हासिल गराउन मिहिनेत गर्नुपर्ने हुन्छ । यसको लागि बेग्लै कुनै काम गर्नुपर्ने आवश्यकता पनि छैन। इतिहास पढाउँदा त्यसको निष्कर्ष यसरी पढाउनुपर्छ जसको लाभ विद्यार्थीहरूले पाओस् । जुनसुकै विषय पढाउँदा त्यसलाई जीवनोपयोगी बनाएर पढाओस्। यसबाहेक शिक्षकहरूले आफ्ना विद्यार्थीका लागि अलिकति समय निकालेर उनीहरूको कुनै समस्या छ भनेर सोधे भने विद्यार्थीको समस्या बुझ्न सजिलो हुन्छ र सो अनुसार सही सल्लाह दिन सकिन्छ । जस्तै सरसफाइको शिक्षा, आफूभन्दा ठूलाको आदर गर्ने शिक्षा, अनुशासनमा बस्ने शिक्षा आदि सजिलै प्रदान गर्न सकिन्छ । यसरी शिक्षकले चाहे भने सजिलै उनीहरूलाई प्रेरित गर्न सक्छ।

यसको लागि शिक्षकहरूलाई कुनै अतिरिक्त भार वहन गर्नुपर्दैन । यदि शिक्षक चरित्रवान छ, राष्ट्रसेवक छ, शिक्षकको प्रवृत्ति पढाउनु मात्र पढाउनका लागि होइन, हामी अन्य जागीर जस्तै जागीरे होइनौं भने शिक्षकको जागीर मात्र जागीर हुँदैन। यस कारण हामीले शिक्षकलाई 'गुरु' भन्छौं । यस कारण समाजमा शिक्षकको ठूलो स्थान छ र हुनु पनि पर्छ। शिक्षकहरूले ध्यान दिनुपर्ने अर्को कुरा के हो भने शिक्षण हाम्रो आध्यात्मिक, नैतिक, राष्ट्रिय र नागरिक जिम्मेवारी हो । तलब कम छ भने सरकारलाई भन्नुपर्छ, व्यवस्थापनसँग लड्नुपर्छ वा कमाइको अर्को स्रोत खोज्नुपर्छ किनभने तलबलाई आधार बनाएर थोरै वा बढी पढाउने वा आफ्नो जिम्मेवारी कम वा बढी ठान्नु राम्रो प्रवृत्ति होइन । एउटा शिक्षक राष्ट्र निर्माता हो। इतिहासलाई नियाल्दा हामीले के हेर्छौं भने प्राचीनकालमा सन्त र ब्राह्मण शिक्षण गर्दथे । उनीहरूको विद्यालय हरेक गाउँमा थियो । दान–दक्षिणा जे पाउँथे त्यसमैं जीवन निर्वाह गर्दथे। उनीहरू समाजमा विद्यमान हरेक समस्याको समाधान प्रस्तुत गर्दथे । उनीहरू गरीब भए तापनि आफूमाथि गर्व गर्दथे। यसको एकमात्र कारण के थियो भने उनीहरूको जिम्मेवारी अन्य वर्गको तुलनामा बढी महत्त्वपूर्ण थियो।

कुनै पनि विद्यार्थीले राम्रो ग्रेड हासिल गर्न सकेन वा फेल भयो भने केही बिग्रने होइन। ऊ पुनः राम्रो ग्रेड ल्याउन सक्छ तर यदि उसको व्यक्तित्व सही भएन भने जीवन बर्बाद हुने सम्भावना बढी हुन्छ। पाठ्यक्रममा यस्ता विषय समावेश नभए तापनि शिक्षक र नागरिक समाजले केटाकेटीहरूलाई ज्ञानका अतिरिक्त नैतिक, बौद्धिक र राष्ट्रिय–अन्तर्राष्ट्रिय कर्तव्य पालनको प्रेरणा दिन सक्छन् । सरकारले पनि शिक्षा विधेयक बनाउँदा शिक्षालाई कसरी आकर्षक र देश सुहाउँदो बनाउने, शिक्षण पेशालाई कसरी मर्यादित बनाउने, कसरी बेरोजगार र विदेश पलायन कम हुने, सामाजिक उच्छृङ्खलता कसरी कम गर्ने आदि कुरामाथि विशेष ध्यान दिनुपर्ने हुन्छ । अर्थात् नैतिक शिक्षाले नै देशको आन्तरिक व्यवस्था सुदृढ गर्न सक्छ । वर्तमानको उथलपुथलपूर्ण परिवेशमा पनि बेलायत आज एउटा सभ्य देशको रूपमा देखा परिरहेको छ । यो भनिरहँदा म बेलायतको प्रशंसक होइन् तर जसरी सात समुद्र पार गरेर उसले अन्य देशमाथि शासन गरेको थियो, के यो उसको विशेषता थिएन र ?

यदि मानिसमा भएको गुणलाई विकसित गर्ने र उसको चरित्रको विकास गर्ने क्रम बढाउन सकियो भने झुपडीमा बस्ने मानिस पनि महान् र श्रेष्ठ बन्न सक्छ । यस प्रकारको व्यवस्था बनाउनु हाम्रो शिक्षा प्रणालीको काम हो र यो सरकारको दायित्व हो । यस कारण हामीले केटाकेटीहरूको मस्तिष्कलाई साँघुरो बनाउने, पैसा खेर फाल्ने, युवा पीढीलाई पलायन हुन बाध्य पार्ने, देशमा बेरोजगारी बढाउने शिक्षा परिवर्तन गरेर उद्देश्यमूलक शिक्षा लागू गर्न सरकारलाई दबाब दिनुपर्छ । हामी सम्प्रभुतासत्ता सम्पन्न नागरिकले जसरी सत्ता परिवर्तन गर्न सक्छौं त्यसैगरी शिक्षामा पनि परिवर्तन ल्याउन सक्छौं भन्ने कुरा बिर्सनुहुन्न किनभने आजका पढेलेखेका मानिसहरू 'मालिक' होइन 'नोकर' बन्न रुचाउँछन् । आज उनीहरू आमाबुवा, सन्तान, समाज, देश र नैतिक जिम्मेवारी बिर्संदै गइरहेका छन् । आज पनि यदि पढेलेखेका र नपढेलेखेकाबीच तुलना गरियो भने पढेलेखेका मानिसहरू नै बढी अनैतिक देखिन्छन्।

यस पछिको तेस्रो पक्ष स्वयं विद्यार्थीहरू हुन् । विद्यार्थीहरू यदि स्वयंलाई अनुशासनमा राख्दैनन् भने उनीहरूको जीवनको जग हल्लिरहन्छ । विद्यार्थी जीवन संयम, तपस्या र साधनाको जीवन हो । विद्यार्थी जीवन मौजमस्ती गर्ने जीवन होइन । हरेक विद्यार्थीले आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्छ र नराम्रो बानीबाट बच्ने प्रयास गर्नुपर्छ। खेल्नु उनीहरूको लागि आवश्यक छ तर मोबाइलमा होइन । उनीहरूले मस्तिष्क र शरीरलाई फाइदा हुने खेल खेल्नुपर्छ । जसले सानै उमेरदेखि अनुशासन पालना गरेन, ऊ ठूलो भएपछि कसैलाई अनुशासनमा राख्न सक्दैन । भन्न के खोजिएको हो भने राम्रो विद्यार्थी नै राम्रो शिक्षक बन्न सक्छ। त्यसैगरी जस्तो गुण हामीमा हुन्छ त्यस्तै गुण हामीले अरूलाई पनि सिकाउँछौं। नराम्रा केटाहरू कहिले पनि राम्रो बुवा बन्न सक्दैनन् किनभने जो योग्य हुँदैन, ऊ विकास पथमा कहिल्यै पनि अग्रसर हुन सक्दैन । विद्या हासिल गर्नुको उद्देश्य राम्रो ग्रेड ल्याउनु मात्र नभई योग्यता र स्वभावमा वृद्धि गर्नु पनि हो । विद्यार्थी जीवन भविष्यको जग बलियो बनाउने समय हो।

निष्कर्षतः शिक्षा तीन भागमा बाँडिएको छ। पहिलो अभिभावक जसको काम घरमा यस्तो वातावरण निर्माण गर्नु हो जसमा केटाकेटीहरूको विकास सही ढङ्गले हुन सकोस्। दोस्रो शिक्षक जो पाठ्यक्रम शिक्षण सँगसँगै विद्यार्थीहरूलाई त्यो कुरो पनि सिकाओस् जसबाट उनीहरूले आफ्नो व्यक्तित्व परिष्कृत गर्न सकून् । तेस्रो स्वयं केटाकेटीहरू, जो स्वयं यस्ता कुरा सिक्न जिज्ञासु बनून् । यदि उनीहरू सिक्न चाहँदैनन्, अभिभावक र शिक्षकलाई सहयोग गर्दैनन्, आफ्नै मनपरि गर्छन् भने बिचरा शिक्षकहरूले पनि केही गर्न सक्दैनन्। यी तीनवटै भागमा बाँडिएको व्यक्तित्वको निर्माण शिक्षा व्यवस्था, भावी जीवनको उन्नयन र आफ्नो समाजको दृढ स्वरूपलाई दर्शाउँछ। यी सबैको सम्बन्धमा हामी सबैले ध्यान पुऱ्याउनुपर्ने हुन्छ। यससँगसँगै शिक्षाको विकास र बालबालिकाको व्यक्तित्व विकासका लागि यी तीनवटै वर्गले आ–आफ्नो उत्तरदायित्व बुझ्नुपर्छ अनि मात्र हाम्रो देश सुखी र समृद्ध बन्न सक्छ ।

# भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन प्रदेश सचिव अधिकारीविरुद्ध मुद्दा दायर

काठमाडौं, १९ कात्तिक/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लुम्बिनी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन प्रदेश सचिव वैकुण्ठ अधिकारीसमेत चारजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार आर्थिक वर्ष २०७५/७६ मा सो मन्त्रालयले विभिन्न कृषि समूह, सहकारी संस्थामार्फत किसानलाई कृषियन्त्र आपूर्ति गर्ने काममा भ्रष्टाचार भएको पाइएको जनाएको छ।

सम्झौताविपरीत कम क्षमता र गुणस्तरको कृषि यान्त्रिक उपकरण वितरण गरेको पाइएको तथा सोही कार्यमा बदनियत देखिएकाले आयोगले अनुसन्धान गरेको थियो। सो काममा रु एक करोड ३१ लाख ६० हजार बराबरको भ्रष्टाचार भएको आयोगले ठहर गरेको छ।

आयोगले तत्कालीन प्रदेश सचिव अधिकारी, कृषि व्यवस्था, कृषि सहकारी मन्त्रालयका महाशाखा प्रमुख श्रीधर ज्ञवाली, कृषि प्रसार अधिकृत मुकेश राम्जाली नेपाली र कृषियन्त्र आपूर्तिकर्ता आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक राजाराम तिवारीविरुद्ध पनि समान बिगो दाबी गरिएको छ।

उनीहरूविरुद्ध रु एक करोड ३१ लाख ६० हजार बराबरको बिगो र कैद सजायको माग गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# भूकम्पले जाजरकोटको चोचे टोलका सबै घर ध्वस्त

भेरीगङ्गा (सुर्खेत), १९ कात्तिक/रासस

जाजरकोट जिल्लाको नलगाड नगरपालिका–१ को चिउरी गाउँको चोचे टोल कात्तिक १७ गते राति आएको भूकम्पले ध्वस्त भएको छ। अधिकांश दलित समुदाय रहेको यो बस्तीमा १८६ घरधुरी रहेकामा अधिकांश घर पूर्णरूपमा र केही घर आशिंकरूपमा क्षति भएपछि चोचे टोलका सबै नागरिक घरवारविहीन भएका हुन्।



जाजरकोटमा भूकम्पबाट मृत्यु भएकाहरूलाई नलगाड नगरपालिकाको दल्लीमा सामूहिक दाहसंस्कारका लागि लग्दै। तस्बिरः रासस

खलङ्गाबाट डेढ घण्टाको दूरीमा रहेको यो गाउँका बाँकी रहेका अन्य घर पनि बस्न नमिल्ने गरी चिराचिरा परेका छन्। यहाँका सबै घर ध्वस्त भइसकेका छन्। पीडित अविलाल विकले भने, "हाम्रो यो गाउँमा अधिकांश दलित समुदाय बस्दै आएका थियौं, वर्षामा समेत पहिरोले जोखिम पारेको हाम्रो टोललाई अस्ति आएको भूकम्पले स्वाहा नै बनायो।"

अहिले यो टोलका सात सय व्यक्ति घरवारविहीन भएको उनले बताए। विकले भने, "हामी घरवारविहीन भयौं, आफन्त गुमायौं, खानेकुरा घरमैं पुरियो, लाउने कपडा पनि पुरियो, अस्तिदेखि भोकभोकै छौं। केटाकेटी चीसोले हैरान भइसके।"

उनी जस्तै चोचे गाउँका सबै व्यक्तिको पीडा त्यस्तै छ। उनीहरूले अब आफन्त गुमाए पनि बाँचेकाको लागि गाँस र बाँसको व्यवस्था गरिदिन सरकारसँग माग गरेका छन्।

**चोचे टोलमा १४ जनाको मृत्यु**

यो टोलमा भूकम्पमा परी १४ जनाको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ।

मृत्यु हुनेमा पाँच बालबालिका, सात २० वर्षमाथिका र अन्य दुईजना ज्येष्ठ नागरिक रहेको प्रहरीले बताएको छ। तेन्हजनाको भूकम्पमा परी घटनास्थलमैं मृत्यु भएको र एकजनाको उपचारका क्रममा नेपालगंजमा मृत्यु भएको थियो।

मृत्यु भएका अधिकांश व्यक्ति भारतमा रोजगारका लागि गएर फर्किएका थिए। उनीहरू तिहार मनाउन घर फर्किएकामा तिहार मनाउन नपाउँदै मृत्यु भयो।

स्थानीयवासी हीरा चन्दाराको भदै तिहार मनाउन भारतबाट घर आएकी थिइन्।

चाडबाडमा रमाइलो मनाउन गाउँ फर्किएकी उनको भूकम्पमा परी मृत्यु भयो। त्यसैगरी, अन्य व्यक्ति पनि चाडबाडका लागि भारतबाट घर आएका थिए तर भूकम्पका कारण गाउँका सबैजनाको खुशी र हाँसो आँसुमा परिणत भएको छ।

केही घरका त परिवारका सबै सदस्यको मृत्यु भएको छ। भिउसन कुमाइँका चारजनाको परिवारको भूकम्पमा परेर मृत्यु भएको छ। भूकम्पमा परेर मृत्यु भएका यो गाउँका १३ जनाको दाहसंस्कार हुनसमेत ढिलाइ भएको थियो। उनीहरूलाई निकाल्न नै समय लागेकाले दाहसंस्कार आज गरिएको हो।

यो गाउँका पीडितलाई राहत र पुनर्स्थापनाका लागि कुनै कसर बाँकी नराख्ने कर्णाली प्रदेश सरकारले प्रतिबद्धता जनाएको छ।

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाडौं, १९ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार पनि उच्च अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २१ दशमलव ४६ अङ्कले ओरालो लागेर एक हजार ८२६ दशमलव २३ मा सीमित भएको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ३६ अङ्कले ओरालो लागेर ३५२ दशमलव ३९ मा सीमित भएको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये आज एक उपसमूहको शेयर मूल्य उकालो लाग्दा १२ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।

नेप्सेका अनुसार कुल ३५ लाख ५८ हजार ५५४ कित्ता शेयर रु ९७ करोड २३ लाख ६७ हजार २७८ मूल्यमा खरीद–बिक्री भएका छन्।

कारोबारका आधारमा नबिल बैंकको संस्थापक शेयर शीर्ष स्थानमा रहेको छ। सो बैंकको रु चार करोड ६० लाख ८० हजार बराबरको कारोबार भयो।

ग्लोबल आइएमई बैंक रु तीन करोड १७ लाख ७९ हजार ८७४, एनआइसी एशिया बैंक रु तीन करोड तीन लाख ८० हजार २१०, हिमालयन डिस्टिलरी रु दुई करोड ८९ लाख ५९ हजार ४२४ र नबिल बैंक रु दुई करोड ८७ लाख ५२ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार एनआइसी एशिया लघुवित्त छ दशमलव ९७, तारागाउँ रिजेन्सी होटल पाँच दशमलव ४७, माया खोला हाइड्रोपावर चार दशमलव २५, एशियन हाइड्रोपावर तीन दशमलव ७५ र नेशनल लघुवित्तका लगानीकर्ताले दुई दशमलव ५७ प्रतिशतले कमाएका छन्।

यस्तै, हिमालयन लघुवित्त १०, बाराही लघुवित्त सात दशमलव ९८, युनाइटेड आइडिआइ मर्दी हाइड्रोपावर छ दशमलव ७६, नबिल ब्यालेन्स फन्ड दोस्रो पाँच दशमलव ७३ र सबैको लघुवित्तका लगानीकर्ताले पाँच दशमलव ५६ प्रतिशतले गुमाएका छन्।

# जीप दुर्घटना हुँदा चारजनाको मृत्यु

बाजुरा, १९ कात्तिक/रासस

धनगढीबाट बाजुरा आउँदै गरेको जीप डोटीको शिखर नगरपालिका–६ स्थित केआइसिंह राजमार्गको अण्यौलमा आज विहान दुर्घटना हुँदा बाजुराका चारजनाको घटनास्थलमैं मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन्।

ग.२च २७७६ नम्बरको जीप अनियन्त्रियत भई सडकबाट करीब ६० मिटर तल खस्दा चारजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, डोटीले जनाएको छ। मृत्यु हुनेमा हिमाली गाउँपालिका–५ का २२ वर्षीया राधिका मलाल, उनकी अन्दाजी आठ महीनाकी छोरी प्रार्थना, ३२ वर्षीया धनशोभा बुढा र छ वर्षीय कविन्द्र बुढा रहेका जिल्ला प्रहरी कार्यालय, डोटीका प्रहरी नायब उपरीक्षक निशान्त श्रीवास्तवले जानकारी दिए।

उनका अनुसार दुर्घटनामा परी पाँचजना घाइते भएका छन्। घाइते हुनेमा हिमाली–५ का ३० वर्षीय प्रकाश बुढाथापा, २३ वर्षीय खोमबहादुर मलाल, २४ वर्षीय दानबहादुर बुढा, २१ वर्षीय विमलाल मलाल र २१ वर्षीय राजबहादुर मलाल रहेका छन्।

घाइतेको दिपायलको शैलेश्वरी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। जीप चालक महेश बुढालाई प्रहरीले नियन्त्रणमा लिएको छ।



पचली भैरवको १२ वर्षे खड्ग सिद्बि नाच शनिवार राति काठमाडौं महानगरपालिका–२१ ज्यावहाःमा प्रदर्शन गर्दै देवगण। स्थानीय भाषामा गथु प्याखँ भनिने यो नाचमा पचली भैरव, गणेश, ब्रह्मायणी, रुद्रायणी, कुमारी, इन्द्रयणी बाराही, महालक्ष्मी, सिंघिणी, व्यङ्गणी, चामुण्डा, वैष्णावी र श्वेतभैरव गरी १३ देवीगण हुन्छन्। तस्वीरः रासस

# भूकम्पमा मृत्यु भएकाका परिवारलाई सरकारले दुई लाख राहत दिने

काठमाडौं, १९ कात्तिक/रासस

नेपाल सरकारले जाजरकोट भूकम्पमा परी मृत्यु भएका व्यक्तिका परिवारलाई रु दुई लाखका दरले राहत दिने निर्णय गरेको छ।

सिंहदरबार आइतवार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय जानकारी गराउँदै नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले तत्काल राहतस्वरूप पहिलो चरणमा सो सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिइन्।

यसैगरी, जाजरकोट भूकम्पमा परी मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै राहत तथा उद्धारको कामलाई तीव्रता दिने र घाइतेको निश्शुल्क उपचार गर्ने निर्णय भएको मन्त्री शर्माले जानकारी दिइन्। शुक्रवार राति जाजरकोट केन्द्रबिन्दु भई ६.४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट र रूकुमपश्चिम जिल्लामा १५७ जनाको निधन भएको थियो।

**गण्डकीद्वारा कर्णालीलाई एक करोड सहयोग**

गण्डकी प्रदेश सरकारले जाजरकोट भूकम्पबाट प्रभावितको राहत तथा पुनर्स्थापनाका लागि रु एक करोड सहयोग गर्ने भएको छ। आज बिहान बसेको मन्त्रिपरिषद् बैठकले कर्णाली प्रदेश सरकारलाई उक्त रकम उपलब्ध गराउने निर्णय गरेको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जानकारी दिए। "भूकम्पबाट कर्णालीमा ठूलो मानवीय र भौतिक क्षति भयो, एउटा प्रदेशका नागरिकलाई विपद् पर्दा अर्कोले सहयोग गर्नुपर्छ भनेर गण्डकी प्रदेश सरकारका तर्फबाट रु एक करोड दिने निर्णय गरेका हौं"–उनले भने।

भूकम्पबाट प्रभावित जाजरकोट र रूकुम पश्चिममा आपत्कालीन मानवीय सहायता उपलब्ध गराउन शनिवार नै औषधिसहित चिकित्सकको टोली त्यसतर्फ पठाइएको मुख्यमन्त्री पाण्डेले बताए। मन्त्रिपरिषद् बैठकले भूकम्पमा परी ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दै शोकमा रहेका परिवारप्रति समवेदना प्रकटसहित भूकम्पका घाइतको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ।


**पोखरा महानगरपालिद्वारा सहयोग**

पोखरा महानगरले जाजरकोट र रूकुम पश्चिमका भूकम्पका घाइतेको उपचारका लागि औषधिसहित राहत सामग्री पठाएको छ। पोखरा महानगरपालिका–७ का वडाध्यक्ष राममोहन आचार्यको नेतृत्वमा चिकित्सकसहित १७ जनाको राहत टोली मध्यपहाडी लोकमार्ग हुँदै भूकम्प प्रभावित क्षेत्रमा गएको हो।

"स्वास्थ्यकर्मी, नगरप्रहरीसहितको हाम्रो टोली आजै बेलुकासम्म भूकम्प प्रभावित रूकुम पश्चिम र जाजरकोट पुगिसक्छ"–उनले भने–"औषधि, त्रिपाल, कम्मल, लत्ताकपडालगायत राहत सामग्री लिएर हामी त्यसतर्फ जाँदैछौं।"

महानगरले भूकम्प प्रभावित क्षेत्रमा रु ५० लाखको सहयोगसमेत घोषणा गरेको छ।

महानगरका जनप्रतिनिधिले एक महीना बराबरको पारिश्रमिक भूकम्प प्रभावित राहत कोषमा प्रदान गर्ने निर्णय गरेको वडाध्यक्ष आचार्यले जानकारी दिए। शनिवार नै गण्डकी प्रदेश सरकारले पनि आपत्कालीन मानवीय सहायताका लागि चिकित्सकसहितको उद्धार टोली भूकम्प प्रभावित क्षेत्रमा पठाएको थियो।



तस्वीरः रासस

पोखरास्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालका प्रमुख डा विकास गौचनको नेतृत्वमा विशेषज्ञ चिकित्सकसहित औषधि र स्वास्थ्य सामग्री रूकुम पश्चिम र जाजरकोट पठाइएको प्रदेश सरकारले जनाएको छ। गण्डकी प्रदेशका अन्य निकाय र स्थानीय तहले पनि भूकम्प प्रभावितको उद्धार तथा राहत सहयोगमा सकेजति हातेमालो गरिरहेका छन्। बागलुङको बडिगाड गाउँपालिकाले चिकित्सकसहित स्वास्थ्य सहायता सामग्री भूकम्प प्रभावित क्षेत्रमा पठाएको छ।

स्वास्थ्य शाखा प्रमुख विपेन्द्र केसीको नेतृत्वमा औषधिसहित स्वास्थ्यकर्मीको टोली रूकुम पश्चिम र जाजरकोट पठाइएको गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले बताइन्। उक्त टोली आइतवार बिहान भूकम्पबाट अतिप्रभावित रूकुम पश्चिमको आठबीसकोट नगरपालिका पुगेर भूकम्पमा परी घाइते हुनेहरूको उपचारसहित मानवीय सहायतामा जुटेको उनको भनाइ छ।

"राष्ट्रिय विपद्का बेला सहयोग गर्नु मानवीय धर्म र कर्तव्य हो हामीले त्यसैलाई गच्छे अनुसार निर्वाह गरेका हौं"–गाउँपालिका अध्यक्ष अधिकारीले भनिन्–"सबैले सहयोगको हात फैलाऔं, भूकम्पबाट प्रभावितको घाउमा मलमपट्टी लगाऔं, राज्यले पनि राहत तथा पुनःस्थापनाको ठोस योजना ल्याउन ढिलाइ गर्नुहुँदैन।"

नवलपुरको मध्यविन्दु नगरपालिकाले पनि भूकम्प प्रभावितका लागि रु दुई लाख सहयोग गर्ने निर्णय गरेको छ। अन्य स्थानीय तहले पनि राहत सहयोग जुटाउन पहल गरिरहेका छन्। सामाजिक सङ्घसंस्था र जनस्तरबाट समेत भूकम्प प्रभावितका लागि सहयोग सङ्कलन शुरू भएको छ।

गण्डकी प्रदेशसभा सदस्य डिल्लाराम सुवेदीले आफ्नो एक महीनाको पारिश्रमिक भूकम्प प्रभावित क्षेत्रमा सहयोग गर्ने भएका छन्। भूकम्प प्रभावितको राहत तथा पुनःस्थापनाका लागि सरकारले स्थापना गरेको राहत कोषमा उक्त रकम प्रदान गर्ने प्रदेशसभा सदस्य सुवेदीले बताए।

शुक्रवार राति जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पमा परी जाजरकोट र रूकुमपश्चिमका १५७ जनाले ज्यान गुमाएका छन्। भूकम्पमा परी दुई सयभन्दा बढी घाइते भएका छन् भने स्थानीयवासीका हजारौं घरगोठलगायत भौतिक संरचनामा अकल्पनीय क्षति पुगेको छ।

**भूकम्प प्रभावितलाई भरतपुर महानगरले एक करोड सहयोग गर्ने**

भरतपुर महानगरपालिकाले भूकम्प प्रभावितका लागि रु एक करोड आर्थिक सहयोग गर्ने निर्णय गरेको छ। आज बसेको ८७औं कार्यपालिका बैठकले सो निर्णय गरेको हो।

भूकम्प प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत, उपचार, पुनर्स्थापना तथा पुनर्निर्माणलगायतका कार्यमा सहयोग पुऱ्याउन महानगरले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक करोड जम्मा गर्ने निर्णय गरेको महानगर प्रमुख रेणु दाहालले जानकारी दिइन्।

उक्त सहयोग रकम जनप्रतिनिधिको एक महीनाको, अधिकृतस्तरका कर्मचारीको पाँच दिनको, सहायक स्तरसम्मका कर्मचारीको तीन दिनको, मावि शिक्षकको तीन दिनको, आधारभूत तहका शिक्षकको दुई दिनको तलब र महानगरपालिकाको विपद् व्यवस्थापन कोषबाट हुनेगरी मिलाइएको उनले बताइन्।

प्रमुख दाहालका अनुसार भूकम्प प्रभावितलाई नगद, जिन्सी तथा खाद्यान्न सहयोगका लागि सम्पूर्ण भरतपुरवासीलाई आह्वान गरिएको छ। शुक्रवार राति जाजरकोट केन्द्रबिन्दु भएर गएको छ दशमलव चार म्याग्निच्युडको भूकम्पले जाजरकोट र रूकुमपश्चिममा ठूलो जनधनको क्षति भएको छ।

भूकम्पको केन्द्रबिन्दु आसपास रहेका जाजरकोट, रूकुमलगायतका जिल्लाका धेरै कच्ची घर भत्किएका छन् भने मानवीय क्षतिसँगै पशुचौपाया र भौतिक संरचनामा क्षति पुगेको छ।

# इजरायलमा मारिएका सबै नेपालीको शव नेपाल आइपुग्यो

काठमाडौं, १९ कात्तिक/रासस

दक्षिणी इजरायलमा हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० जना नेपाली विद्यार्थीको शव नेपाल आइपुगेको छ।

गएराति फ्लाइ दुबईको विमानबाट ११:३० बजे डोटी लामीखाल–८ का पद्म थापाको शव नेपाल आइपुगेसँगै मृत्यु भएका सबै नेपाली विद्यार्थीको शव नेपाल आइपुगेको परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरणले बताए।

उनले भने–"इजरायलमा हमास समूहको आक्रमणमा परी मृत्यु भएका १० विद्यार्थीको शव नेपाल ल्याइएको छ। इजरायलमा हाललाई उद्धार कार्य करीब करीब सकिएको छ। बेपत्ता भएका विपिन जोशीको उद्धारका लागि पहल भइरहेको छ।"

दक्षिणी इजरायलमा गत असोज २० गते अर्थात् अक्टोबर ७ मा हमास समूहको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो। आक्रमणमा परी डोटी लामीखाल–८ का पद्म थापा, सल्यान शारदा–३ का प्रवेश भण्डारी, बझाङ जयपृथ्वी–६ का गणेशकुमार नेपाली, दार्चुला मालिकार्जन–४ का लोकेन्द्रसिंह धामी, दार्चुला लेकम–५ का दीपेशराज विष्ट, धनुषा सापही–६ का आनन्द शाह, कैलाली घोडाघोडी–४ का नारायणप्रसाद न्यौपाने, सुनसरी मधुवन–१ का राजेशकुमार स्वर्णकार, डोटी पचनाली–३ का राजन फुलारा, तथा कैलाली बौनियाँ–३ का आशीष चौधरीको शव नेपाल ल्याइएको हो।

सुदूरपश्चिम विश्वविद्यालयको कृषि क्षेत्रको 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत उनीहरू इजरायल गएका थिए। सोही आक्रमणमा परी कञ्चनपुर भीमदत्त–३ का विपिन जोशी सम्पर्कविहीन छन्। केही समय अघि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहितको टोलीले इजरायलमा फसेका २५४ विद्यार्थीलाई उद्धार गरी नेपाल ल्याएको थियो।

डोटी लामीखाल–८ का पद्म थापा, डोटी पचनाली–३ का राजन फुलारा र सल्यान शारदा–३ का प्रवेश भण्डारीको शव आज दिउँसो १२ बजेपछि नेपाली सेनाको हेलिकोप्टरबाट सम्बन्धित जिल्लामा पठाइने तयारी भएको सहसचिव आरणले जानकारी दिए।

# शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन पलाएको आशा

काठमाडौं, १९ कात्तिक/रासस

"नेपालको शान्ति प्रक्रियामा सघाउन पाउँदा राष्ट्रसङ्घ गौरव गर्छ, यस क्षणमा म नेपालको शान्ति प्रक्रियामा संलग्न नेताहरूप्रति राष्ट्रसङ्घका तर्फबाट सम्मान व्यक्त गर्छु," संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सङ्घीय संसद्को दुवै सदनलाई सम्बोधन गर्ने क्रममा भने।

नेपालले शान्ति प्रक्रिया अन्तर्गत सङ्क्रमणकालीन न्यायलाई अन्तिम निष्कर्षमा पुऱ्याउन लागेकामा शुभेच्छा व्यक्त गर्दै उनले पीडित पक्षको अधिकारको रक्षा गर्दै उक्त प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन उपयुक्त हुने विश्वास व्यक्त गरे। महासचिव गुटेरेसले थपे, "यो एक नाजुक र जटिल प्रक्रिया भएपनि अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्ने, तपाईंको सर्वोच्च अदालतका निर्णय र पीडितहरूका आवश्यकता पूरा गर्ने प्रक्रियाको विकास गर्न र यसलाई व्यवहारमा ल्याउन संयुक्त राष्ट्रसङ्घ तपाईंहरूलाई सहयोग गर्न तयार छ।"

महासचिव गुटेरेसको उक्त भनाइले राष्ट्रसङ्घको नेपालको शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्न सहयोग गर्ने स्पष्ट सन्देश दिएको छ। नेपाल भ्रमणका क्रममा उनले भने, "नेपाल सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन राष्ट्रसङ्घ आवश्यक सहयोग गर्न तयार छ, सङ्क्रमणकालीन न्यायले पीडित, उनीहरूको परिवार र समुदायमा शान्ति ल्याउन सहयोग गर्छ भन्ने विश्वास व्यक्त गर्छु।"

संयुक्त राष्ट्रसङ्घले सङ्क्रमणकालीन न्यायको विषयलाई निकै चासोका साथ हेरेको विषयलाई सरकार र राजनीतिक दलका नेताहरूले पनि निष्कर्षमा पुऱ्याउनुपर्ने महसूस गरेका देखिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली काङ्ग्रेसका नेता डा शशाङ्क कोइरालालगायत राजनीतिक दलका नेताहरूको पनि एउटै स्वरमा शान्तिप्रक्रियाको बाँकी काम पूरा गर्नुपर्छ भन्ने अभिव्यक्ति दिएका छन्।

प्रधानमन्त्री प्रचण्डले नेपालको शान्ति प्रक्रिया टुङ्ग्याउन संयुक्त राष्ट्रसङ्घबाट सहयोग हुने विश्वास व्यक्त गर्दै भने, "शान्ति प्रक्रिया टुङ्ग्याउन संयुक्त राष्ट्रसङ्घका साथै अन्तर्राष्ट्रिय समुदायको पनि सहयोग रहनेमा म विश्वस्त छु, नेपालको शान्ति प्रक्रियाप्रति अन्तर्राष्ट्रिय समुदाय र महासचिव गुटेरेसको धारणा सकारात्मक छ, अब छिटै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ।" प्रधानमन्त्री प्रचण्डले जस्तै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष ओलीले नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सबैले ध्यान दिन जरुरी रहेको बताए। "महासचिव गुटेरेसले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सघाउने भन्नुभएको छ, नेपालले पनि महत्त्वका साथ उक्त प्रक्रियालाई अघि बढाएर टुङ्ग्याउनुपर्छ।"

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालको पनि शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने नै रहेको छ। नेपालले भने, "शान्ति प्रक्रिया टुङ्ग्याउनका लागि उहाँले दिएको, सुझाव महत्त्वपूर्ण छन्, यसमा हामी विश्व समुदायको समर्थनको अपेक्षा गर्छौं र हामी पनि लाग्छौं।" काङ्ग्रेस नेता डा कोइरालाको भनाइ पनि उस्तै छ। "सबैलाई न्याय हुनेगरी शान्तिप्रक्रिया टुङ्गोमा पुऱ्याउन महासचिवले सुझाव दिनुभएको छ," उनले भने, "सर्वोच्च अदालतको आदेश, पीडितको राय लिएर, अन्तर्राष्ट्रिय मूल्य–मान्यता अनुसार नै प्रक्रियालाई अघि बढाउनुपर्छ।" नेपाल सरकार र राजनीतिक दलहरूको यो अभिव्यक्ति अनुसार काम हुन सकेमा नेपालको शान्ति प्रक्रिया छिट्टै निष्कर्षमा पुग्नेछ।

सङ्क्रमणकालीन न्यायका जानकार अधिवक्ता राजु चापागाईंलाई पनि संयुक्त राष्ट्रसङ्घले प्राथमिकताका साथ सघाउने प्रतिबद्धता जनाएको अवस्थामा जतिसक्दो छिटो ऐन संशोधन गरेर काम अघि बढाउनुपर्छ भन्ने लागेको छ। "संयुक्त राष्ट्रसङ्घका महासचिव आउँदा प्राथमिकताका साथ नै शान्ति प्रक्रियालाई टुङ्ग्याउनुपर्छ, त्यसमा राष्ट्रसङ्घ सहयोग गर्न तयार छ भन्नुभएको छ," उनले भने, "जुन कुरा महत्त्वपूर्ण छ, नेपालका राजनीतिक दलले पनि एकताबद्ध भएर यो विषयमा काम गर्नुपर्ने जरुरी छ।" संयुक्त राष्ट्रसङ्घले चासो दिनु आफैंमा महत्त्वपूर्ण विषय भएको र नेपाली राजनीतिक दलका नेतृत्वले गम्भीर भएर पीडितलाई न्याय दिने काममा लगाउनु उपयुक्त हुने देखिन्छ। "खाली प्रतिबद्धता व्यक्त गरेर मात्र हुँदैन, राजनीतिक दलबीच सहमति गरेर काम गरेर देखाउनुपर्ने हुन्छ," अधिवक्ता चापागाईंले थपे, "शान्ति सम्झौता भएदेखि शान्ति प्रक्रिया टुङ्ग्याउनुपर्छ भनेको १७/१८ वर्ष भइसक्यो तर हुन सकेको छैन, अब चाहिं प्राथमिकतामैं राखेर यो काम गर्न जरुरी छ।"

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले नागरिक समाज र पीडितले भनेको कुरालाई यथार्थ भएको महसूस गरेका छन् भने राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा सङ्क्रमणकालीन न्यायले प्राथमिकता पाउनुपर्छ भन्ने विषयलाई महत्त्वका साथ उठाएका छन्। त्यो कुरालाई ध्यान दिएर नेपाली राजनीतिक दलहरूले पनि एक भएर पीडितलाई न्याय दिने काममा ढिलाइ गर्न नहुने पीडितहरूको पनि भनाइ छ।

द्वन्द्वपीडित साझा चौतारीको संस्थापक अध्यक्ष सुमन अधिकारी संयुक्त राष्ट्रसङ्घ र पीडितले भनेको कुरा एउटै रहेको सुनाए। "नेपालमा भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिवले भने, "पीडितको माग पनि त्यही हो," उनले थपे, "यो समय शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु गोल्डेन अवसर हो, कानून संशोधन गर्दा र आयोगमा पदाधिकारी नियुक्ति गर्दा पीडितमैत्री हुनुपर्छ।" अहिले सङ्क्रमणकालीन न्यायको विषय राम्रोसँग उठेको र सबै दलको पनि निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने सोचका साथ काम अघि बढेको हुनाले पीडितहरूमा न्याय पाउनेमा केही आशा पलाएको उनको भनाइ छ।

तत्कालीन विद्रोही माओवादी र राज्यपक्षबाट २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ भित्रको १० वर्ष अवधिमा भएका मानव अधिकार उल्लङ्घनका घटनाका पीडित अझै न्यायको पर्खाइमा छन्। १० वर्षे सशस्त्र द्वन्द्वको सत्य, तथ्य अनुसन्धान गरी दोषीलाई सजाय र पीडितलाई न्याय निरूपण गर्न सरकारले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबीन आयोग २०७१ सालमा गठन गरेको थियो। उक्त आयोगले केही काम अघि बढाए पनि पूर्णरूपमा पूरा गर्न सकेको छैन। अहिले दुवै आयोग पदाधिकारीविहीन अवस्था छ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन प्रतिनिधिसभाको कानून तथा मानव अधिकार समितिमा छलफलका क्रममा रहेको छ। उक्त समितिमा पनि एउटा उपसमिति गठन गरेर छलफल गरी समितिलाई प्रतिवेदन बुझाइसकेको छ। समितिमा थप छलफल गरेर समितिले पारित गरेपछि उक्त विधेयक संसद्मा पेश हुन्छ। "दुवै आयोगमा पदाधिकारी सिफारिश गर्दा पीडितलाई न्याय दिने खालका पदाधिकारी जरुरी छ," अद्वन्द्वपीडित अधिकारीले थपे, "पार्टीका कार्यकर्ताभन्दा पनि सम्बन्धित विषयमा विज्ञलाई पदाधिकारी नियुक्ति गर्नुपर्छ, जसले पीडितलाई न्याय महसूस हुनेगरी काम गरून्।"

विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा उद्देश्य र भावनालाई आत्मसात् गर्दै सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन, मानवताविरुद्धको अपराध र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गर्ने उल्लेख थियो। वास्तविक तथ्य जनसमक्ष ल्याइ समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने, पीडितलाई परिपूरणको व्यवस्था गर्ने र गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाईका लागि सिफारिश गर्ने उद्देश्यसहित दुई आयोगको ऐन, २०७१ जारी भएको थियो। उक्त ऐनले अझै पूर्णता पाएको छैन। यसले गर्दा सङ्क्रमणकालीन न्यायले पूर्णता पाउन सकेको छैन।

सङ्क्रमणकालीन न्यायको पर्खाइमा रहेका पीडितले महासचिव गुटेरेसलाई लेखिएको पत्रमा भनिएको छ, "नेपालको शान्ति प्रक्रियाका बाँकी कामहरू सङ्क्रमणकालीन न्यायमार्फत पीडितहरूको आवश्यकता सम्बोधन गर्न, सत्य उजागर, आत्मसम्मान, परिपूरण, स्मृति र फेरि नदोहोरिने सुनिश्चितताका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवको ध्यानाकर्षण गर्न चाहन्छौं।"

अधिकांश पीडित तिनका आधारभूत आवश्यकताहरू पूरा नहुँदा चरम अभाव र समस्यामा बाँच्न वाध्य भएको र विभिन्न बहानामा प्रक्रियालाई थप ढिलाइ गर्ने कुनै पनि हस्तक्षेपले पीडितको आवश्यकतामा प्रतिकूल असर पर्ने हुँदा राष्ट्रसङ्घले उक्त प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन सकारात्मक पहलका लागि आग्रह गरेको छ। "सङ्क्रमणकालीन न्यायप्रतिको दृष्टिकोणमा देखिएको परिवर्तन तथा हाल सार्वभौम संसद्मा विचाराधीन संशोधन विधेयकलाई स्वागत गर्छौं," पत्रमा भनिएको छ, "यस विधेयकले आयोगहरूलाई लैङ्गिक तथा अपाङ्गतामैत्री र पीडित केन्द्रित भएर पारदर्शीरूपमा काम गर्न सक्ने अधिकार दिन्छ, विधेयकले पीडितको परिपूरण, मनोसामाजिक परामर्श, अन्तरिम राहत, क्षतिपूर्ति तथा पुनर्स्थापनालाई अधिकारको रूपमा सुनिश्चित गरेको छ।"

नेपालको परिवेशमा स्थानीय पीडितहरूको आवश्यकता सम्बोधन हुने गरी तत्काल सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गरी काम थाल्नुपर्ने, पीडितहरूको माग सुनुवाइ गर्न र पीडित न्यायको प्रक्रिया अगाडि बढाउन सरकारलाई आह्वान गरिएको छ। महासचिवलाई लेखिएको पत्रमा भनिएको छ, "कानूनी तथा माफी प्रावधान संशोधन गर्नु महत्त्वपूर्ण छ, तर यसलाई लम्ब्याएर पीडितको आर्थिक, सामाजिक न्याय, औपचारिक स्वीकृति राष्ट्रिय स्मृतिलगायत पीडित र तिनका परिवारका लागि पुनर्स्थापकीय न्यायका अन्य क्षेत्रहरूमा गरिने कार्यलाई रोक्नुहुँदैन।"

नेपालको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सर्वोच्च अदालतको फैसला, पीडितको राय र अन्तर्राष्ट्रिय मूल्य–मान्यता अनुसार ऐन संशोधन गरी आयोगमा पदाधिकारी नियुक्त गरेर तत्काल प्रक्रिया अघि बढाउन जरुरी छ। जुन विषयमा संयुक्त राष्ट्रसङ्घका महासचिवको सुझाव र सहयोग गर्ने प्रतिबद्धता अनुसार नेपालका राजनीतिक दलका नेताहरूले प्राथमिकताका साथ उक्त कामलाई एकताबद्ध भएर अघि बढाउनुपर्ने आवश्यकता छ।



म्याग्दीको बेनी नगरपालिका–३ भकिम्ली र बागलुङको काठेखोला गाउँपालिका–३ धम्जा ओखलेको सिमानामा अवस्थित पर्यटकीय स्थल बेलढुङ्गाको धुरीबाट मनोरम हिमशृङ्खलाको अवलोकन गर्दै गरेका पर्यटकहरू। तस्बिरः रासस

## फरक समाचार

### मुटु र मधुमेहका लागि सलगमको तरकारी

जाडोको मौसममा हरियो सागपात र तरकारी बजारमा देखिन्छ, जसमध्ये सलगम पनि पनि एउटा हो। मुटुको लागि निकै फाइदाजनक मानिने यो तरकारीलाई जङ्गली बन्दाकोभी पनि भनिन्छ। आकारमा सानो यो तरकारी निकै स्वादिलो हुन्छ। पश्चिमी देशमा यस तरकारीबाट थुप्रै खानेकुरा बनाइन्छ।

१५औं शताब्दीमा यसको उत्पत्ति उत्तरी युरोपमा भएको थियो र बिस्तारै यो तरकारी संसारभरि फैलियो। अस्ट्रिया, जर्मनी, इङ्गल्यान्ड, स्पेन र पूर्वी भूमध्यसागरीक्ष क्षेत्रमा यसको व्यापक खेती भइरहेको छ। आयुर्वेदमा पनि सलगमलाई जडीबुटी र उत्कृष्ट तरकारी भनिएको छ। आयुर्वेद विशेषज्ञ आचार्य बालकिशन अनुसार सलगम मधुर, शीत, गुरु, बलकारक, रुचिकर, ग्राही तथा शीतल हुन्छ। यो कफ, खोकी, प्रमेह र श्वासमा लाभप्रद तथा वा र पित्त प्रकोपक हुन्छ।



भारतीय कृषि अनुसन्धान संस्थानका वरिष्ठ वैज्ञानिक डा विश्वजीत चौधरीले आफ्नो पुस्तक भेजिटेबल्समा भनेका छन्– भारतमा यसका दुई प्रकार छन्। यो चीसो मौसमको फसल हो। सय ग्राम सलगममा फाइबर डेढ ग्राम, कार्बोहाइड्रेट चार ग्राम, बोसो शून्य, क्यालोरी २७, क्याल्सियम २० मिलिग्राम, म्याग्नेशियम १८ एमजी, फास्फोरस ३५ एमजी, सोडियम ११२ एमजी, भिटामिन सी ८५ एमजीको अलावा अन्य भिटामिन पनि पाइन्छ। विश्वकोश ब्रिटेनिका अनुसार केही क्षेत्रमा यो तरकारी निकै लोकप्रिय छ। युरोपमा यसलाई स्टक फिडको रूपमा उब्जाइन्छ र नयाँ कोमल पात सागको रूपमा खाने गरिन्छ।

डायटिशियन अनीता लाम्बा अनुसार यसको तरकारीले विभिन्न सामान्य रोग, भाइरल र ब्याक्टेरिया सङ्क्रमणबाट बचाउँछ। यसमा पाइने भिटामिन सीले श्वेत रक्त कोशिकाको कामकाज र प्रतिरक्षा प्रणालीलाई मजबूत गर्न मदत गर्छ।

सलगममा क्यालोरी कम र पाचन फाइबर बढी हुन्छ। यसको सेवनबाट लामो समयसम्म तृप्त रहन सकिन्छ। मोटोपन हटाउनुको साथै नियमित सेवन गर्दा मधुमेह र उच्च रक्तचाप नियन्त्रणमा राख्न सकिन्छ। यसमा पाइने पोटेशियमले रगतको धमनीलाई सफा गर्छ। ग्लुकोसाइनोलेट्स पाइने हुनाले यो मुटुको लागि लाभकारी मानिन्छ। यस यौगिकले रक्त वाहिकालाई चौडा गर्ने, सुन्निएको हटाउने र धमनीमा प्लक निर्माण रोक्न सहायक हुन्छ।

एनिमिया र आयरन कम भएका व्यक्तिको लागि यो निकै लाभकारी हुन्छ, यसमा पाइने मिनरल्सले हाड मजबूत बनाउन योगदान दिन्छ। पेट र पाचन प्रक्रियाको लागि निकै राम्रो यो तरकारी सजिलै पच्छ र आन्द्राको क्रिया सुसञ्चालनमा मदत गर्छ।

### सर्पको सबैभन्दा ठूलो सङ्ग्रहालय

अमेरिकाको मिशिगन युनिभर्सिटी संसारको सबैभन्दा ठूलो सर्पको सङ्ग्रहालय हो। ओरेगन स्टेट युनिभर्सिटीले हालै युएम म्युजियम अफ जुलोजीलाई सरिसृप र उभयचरको ४५ हजार नमूना उपहारमा दिएको छ। त्यसमध्ये ३० हजाभन्दा बढी सर्प थिए, जसबाट स्कूलको रिसर्च कलेक्शनलाई लगभग दुई गुना गरेको छ र यसलाई रेकर्ड बूकमा पनि राखिएको छ। अब युएम म्युजियमसँग ७० हजार सर्पका नमूना छन्। यीमध्ये थुप्रै यस्ता सर्प छन्, जुन हामीले देखेका पनि छैनौं।



न्युयोर्क पोस्टको रिपोर्ट अनुसार यो सर्पको कलेक्शन सर्वसाधारणको लागि खोलिएको छैन, यसको प्रयोग संसारभरिका वैज्ञानिकले गर्न सक्छन्। म्युजियममा क्युरेटर्सले अल्कोहलले भरिएको सयौं जारमा सर्प र सैलामैन्डरको नमूना जम्मा गरिएको छ। यी जारमा सङग्रह गरिएका सर्प हेर्दा जीवित सर्पजस्ता देखिन्छन्।

क्युरेटर र इभोल्युशनरी बायोलोजिस्ट डैन राबोस्की भन्छन्– सर्पका यी नमूनाले एउटा बायोलोजिकल टाइम क्याप्सुललाई दर्शाउँछ, जहाँ शोधकर्ताहरूले दशकौं पहिले जनावरको आबादी हेर्नको लागि उनीहरूको आनुवंशिकी, रोग र अन्य कुरा बुझ्न सक्छन्। यदि हामी यो बुझ्न चाहन्छौं कि समयको साथै वस्तु कसरी बदलिन्छ, जस्तै जनावरको आबादीमा रोग कसरी फैलिन्छ, तब सबैभन्दा महत्त्वपूर्ण प्रकारको डाटामध्ये एक यो बायोलोजिकल टाइम क्याप्सुल हो।

डैनका अनुसार लगभग ५० वर्षको यो कलेक्शनले दर्शाउँछ कि प्राकृतिक विपद्पछि प्रजातिहरू कसरी बदलिन्छ। सर्पको यो कलेक्शन तयार गर्नको लागि वर्षौंदेखि काम गरिएको थियो। उनले भने यसलाई स्टेरियोटाइप स्टोरेजको रूपमा नेहरौं, जसलाई धेरैले म्युजियमसँग जोड्छन्। यो कलेक्शन टेलिस्कोप वा पार्टिकल एक्सिलेटरजस्तो विशाल वैज्ञानिक उपकरणजस्तो छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)


यदि तपाई तनावमा हुनुहुन्छ भने मखानाको सेवन गर्नुहोस्। राति सुत्नुभन्दा पहिले एक गिलास दूधसँग मखाना खानुहोस्। यसबाट निद्रा निकै राम्रो हुन्छ र तनाव रहँदैन।

# अन्तर्राष्ट्रिय समाचार

## चीनसँग रचनात्मक काम गर्ने अस्ट्रेलियाली प्रधानमन्त्रीको सङ्कल्प

साङ्घाई, १९ कात्तिक/एएफपी

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले आइतवार चीनसँग 'रचनात्मक काम गर्ने' वाचा गरेका छन्। आफ्नो मुलुकको सबैभन्दा ठूलो व्यापारिक साझेदार चीनको उच्च प्रोफाइलको भ्रमणको पहिलो दिन साङ्घाईमा चीन अन्तर्राष्ट्रिय आयात एक्स्पो (सिआइआइई)को उद्घाटन कार्यक्रममा उनले सो कुरा बताएका हुन्।



अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज। तस्वीरः एजेन्सी

"मुलुकहरूबीचको रचनात्मक आर्थिक संलग्नताले सम्बन्ध निर्माण गर्न सहयोग गर्छ, यसैले मैले नेतृत्व गरेको सरकारले चीनसँग रचनात्मकरूपमा काम गरिरहेछ," अल्बानिजले आफ्नो सम्बोधनमा भने।

उनले साङ्घाई र बेइजिङमा चार दिन बिताउनेछन्। दुवै मुलुकबीचको अर्बौं डलरको व्यापारलाई असर गर्नेगरी भएको कूटनीतिक विवादपछि सम्बन्धलाई सुधार गर्ने प्रयास भइरहेको बेला कुनै पनि अस्ट्रेलियाली नेताको यो भ्रमण पछिल्लो सात वर्षमा पहिलो हो।

अल्बानिज सरकारले प्रशान्त क्षेत्रमा बेइजिङको बढ्दो प्रभावविरुद्ध दबाब दिँदै चीनसँग थप सौहार्दपूर्ण सम्बन्ध खोजेको छ। आइतवार प्रधानमन्त्री अल्बानिजले भने, "एशिया प्रशान्त क्षेत्रको विकास यस्तो लेन्स हो, जसको माध्यमबाट हामी भविष्यका बारेमा धेरै देख्छौं, चीनसँग अस्ट्रेलियाको सम्बन्ध यी सबैमा एउटा महत्वपूर्ण हिस्सा हो।"

उनले बेइजिङ र क्यानबेराबीच 'परिपक्व सम्बन्ध'को प्रशंसा गर्दै भने, "यो हाम्रा अर्थतन्त्रहरूको पूरक प्रकृतिसँग उत्साहित छ।"

अल्बानिजले चिनियाँ नेताहरूसँग भेटवार्ता गर्ने र 'द्विपक्षीय मुद्दाका विषयका साथै साझा चासोका अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मुद्दाहरूमा गहिरो विचार आदानप्रदान गर्ने' चिनियाँ विदेश मन्त्रालयले जनाएको छ। "एउटा स्वस्थ र स्थिर चीन-अस्ट्रेलिया सम्बन्ध दुवै मुलुक र नागरिकको आधारभूत हितअनुरूप छ," मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भने। रासस



**बाँसका भकारी :** शुक्लाफाँटा नगरपालिका-१० झलारी बजारमा बिक्रीका लागि राखिएका बाँसबाट निर्मित भकारी। परम्परागत सीपको प्रयोग गरी निर्माण गरिएका बाँसका भकारी धान, गहुँ राख्नका लागि किसानले प्रयोगमा ल्याउने गरेका छन्। तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

## विपद्को सूचनामा संवेदनशील बन्न काउन्सिलको आग्रह

काठमाडौं, १९ कात्तिक/रासस

प्रेस काउन्सिल नेपालले प्राकृतिक विपत्का समयमा गरिने सूचना सम्प्रेषण संवेदनशील प्रकृतिको हुने भएकाले गलत सूचना र सन्देश प्रवाह नगर्न सबै सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरेको छ।

युट्युबलगायत सामाजिक सञ्जाल र केही अनलाइन सञ्चारमाध्यमबाट जाजरकोट भूकम्पका बीभत्स दृश्य तथा तस्बिरसहितका सन्देश पुष्टि नगरिकन प्रवाह भएको पाइएकाले काउन्सिलले आफ्नो ध्यानाकर्षण भएको जनाएको हो।

काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा 'को पहिला हुने' भन्ने होडबाजीमा आधिकारिक तथ्य पुष्टि नगरिकन मानवीय संवेदनामा खलल पुग्ने र विपत्ति वा शोकमा परेका व्यक्ति र आफन्तजनमा थप पीडा पुग्ने गरी मृतक तथा घाइतेको बीभत्स दृश्य र तस्बिर सम्प्रेषण नगर्न, नगराउन भनिएको छ।

'मृतक एवं घाइतेको विवरण प्रस्तुत गर्दा संवेदनशील भई गोपनीयताको सम्मान गर्न आम सञ्चारमाध्यम, सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, युटयुबलगायत सामाजिक सञ्जाल र यसका प्रयोगकर्तामा प्रेस काउन्सिल नेपाल हार्दिक आग्रह गर्छ,' विज्ञप्तिमा भनिएको छ।

शुक्रवार राति ११:४७ बजे जाजरकोट रामीडाँडा आसपास केन्द्रबिन्दु बनाएर गएको छ दशमलव चार म्याग्निच्युडको भूकम्पका कारण भएको मानवीय र भौतिक क्षतिप्रति काउन्सिलले दुःख व्यक्त गरेको छ।

## फिलिपिन्समा रेडियो प्रसारकको हत्या

मनिला, १९ कात्तिक/एएफपी

फिलिपिन्समा आइतवार एक रेडियो प्रसारकलाई उनको स्टुडियोभित्रै गोली हानी हत्या गरिएको प्रहरीले बताएको छ। प्रहरीका अनुसार फिलिपिन्समा मारिएका पत्रकारहरूको लामो सूचीमा यो नयाँ घटना हो।

मिसामिस अक्सिडेन्टल प्रान्तमा कलाम्बा नगरपालिकाका प्रहरी प्रमुख क्याप्टेन डेओर रगिनियोका अनुसार दक्षिणी टापु मिन्डानाओस्थित आफ्नो घरमा रहेको रेडियो स्टेशनमा बन्दुकधारीले ५७ वर्षीय जुआन जुमालोनको टाउकोमा गोली चलाएका थिए।

संदिग्ध बन्दुकधारी अन-एयर घोषणा गर्ने बहाना बनाएर स्टुडियोमा प्रवेश गरेको प्रहरीले बताएको छ। प्रहरीका अनुसार गोली हानेपछि अपराधी भाग्यो र जुमालोनलाई स्थानीय अस्पतालमा मृत घोषणा गरिएको थियो।

सन् २०२२ जुनमा राष्ट्रपति फर्डिन्यान्ड मार्कोसले पदभार सम्हालेपछि हत्या भएका पत्रकारमा जुमालोन चौथो व्यक्ति भएको नेशनल युनियन अफ जर्नालिस्ट्सले बताएको छ।

पत्रकारहरूका लागि फिलिपिन्स विश्वमा सबैभन्दा खतरनाक स्थान हो र यहाँ पत्रकारका हत्याराहरू प्रायः सजायबाट बच्ने गरेका छन्।

राजधानीबाहिर प्रायः रेडियो प्रसारक निशानामा पर्ने गरेका छन्। जुमालोनले आफ्नो सेबुआनो-भाषा ९४.७ गोल्ड एफएम कलाम्बा स्टेशनमा 'डिजे जोनी वाकर' नाम प्रयोग गरेका थिए।

प्रहरी प्रमुख रगिनियोले प्रहरीले हत्याको उद्देश्यको अनुसन्धान गरिरहेको बताए। आफूहरूलाई जुमालोनको जीवन खतरामा रहेको पछिल्लो अवस्थाबारे थाहा नभएको उनले बताए। "उहाँ धेरैजसो समसामयिक घटनाहरूलाई प्राथमिकता दिनुहुन्थ्यो र आफ्नो प्रसारणमा उहाँले कसैलाई आलोचना गरेको थाहा थिएन," रगिनियोले भने। रासस

## अवैध कपडा बरामद

सुग्रीव साह, भिस्वा, १९ कात्तिक/

सशस्त्र प्रहरीले भारतको सिकटाबाट

तस्वीरः सौजन्य



भन्सार छली नेपाल भित्रिएका कपडा बरामद गरेको छ।

सशस्त्र प्रहरी बिओपी भिस्वाका इन्चार्ज छविधर लामाले गाउन, सल, ब्लेजर, जिन्स सेटलगायत १०३ थान बरामद भएको र कारबाईको लागि हेडक्वार्टर वीरगंज पठाइएको बताए।

## भारतद्वारा रु १६ करोडका राहत सामग्री हस्तान्तरण

काठमाडौं, १९ कात्तिक/रासस

भारत सरकारले जाजरकोट भूकम्पपीडितका लागि रु १६ करोड बराबरका राहत सामग्री हस्तान्तरण गरेको छ।



जाजरकोट भूकम्पपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल सरकारलाई हरसम्भव सहयोग गर्ने प्रतिबद्धताअनुरूप आइतवार रु १६ करोडबराबरका आपत्कालीन राहत सामग्रीको पहिलो खेप नेपालगंज विमानस्थलमा उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्कालाई हस्तान्तरण गरिएको यहाँस्थित भारतीय दूतावासले जनाएको छ।

भारतीय वायुसेनाको विशेष विमानले आज ढुवानी गरेका ११ टनभन्दा बढी राहत सामग्री मन्त्री खड्कालाई हस्तान्तरण गरिएको हो। आज हस्तान्तरित सामग्रीमा त्रिपाल, टारपोलिन सिट, कम्बल र स्लिपिङ ब्याग, पोर्टेबल भेन्टिलेटरलगायत चिकित्सा उपकरण र अत्यावश्यक औषधि छन्।

भारत सरकारका तर्फबाट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले ती राहत सामग्री कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माको उपस्थितिमा मन्त्री खड्कालाई हस्तान्तरण गरे।

आगामी दिनमा राहत सामग्रीका थप खेप नेपाल आइपुग्ने दूतावासले आज साँझ जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। छिमेकीका नाताले नेपालमा भूकम्पबाट प्रभावित भएकालाई हरसम्भव सहयोग गर्न भारत प्रतिबद्ध रहेको जनाइएको छ।

## अफगानिस्तानमा अफिमको उत्पादनमा ९५ प्रतिशतले गिरावट

काबुल, १९ कात्तिक/एएफपी

तालिबान अधिकारीहरूले पप्पीमाथि प्रतिबन्ध लगाएपछि अफगानिस्तानमा यसको खेती र अफिमको उत्पादनमा ९५ प्रतिशतले कमी आएको आइतवार प्रकाशित संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनमा उल्लेख छ।

सन् २०२१ मा सत्तामा फर्किएपछि तालिबान अधिकारीहरूले अफगानिस्तानमा अवैध लागूऔषध उत्पादन अन्त्य गर्ने वाचा गरेका थिए र सन् २०२२ अप्रिलमा अफिम र हेरोइन बनाइने पप्पी बोटको खेतीमा प्रतिबन्ध लगाएका थिए। सन् २०२२ को अन्त्यमा दुई लाख ३३ हजार हेक्टरबाट घटेर सन् २०२३ मा १० हजार आठ सय हेक्टरमा पप्पीको खेतीमा करीब ९५ प्रतिशत कमी आएको राष्ट्रसङ्घीय लागूऔषध तथा अपराध कार्यालय (युएनओडिसी)को प्रतिवेदनमा उल्लेख छ।

यस अवधिमा अफिमको उत्पादन पनि सन् २०२२ मा छ हजार दुई सय टनबाट घटेर ३३३ टन भएको छ। यो वर्ष २४ टनदेखि ३८ टन हेरोइनको निर्यात हुने अनुमान गरिएको छ। अघिल्लो वर्ष ३५० टनदेखि ५८० टन हेरोइन निर्यात भएको थियो।

अफगानिस्तानको अफिम अर्थतन्त्रमा अचानक कमीका कारण सम्भावित 'धेरै कमजोर ग्रामीण समुदायका लागि मानवीय नतीजा'को चेतावनी दिँदै युएनओडिसीले यसको उत्पादनमा प्रतिबन्ध लगाइँदा उत्पादकहरूले अत्यन्त कम आकर्षक वैकल्पिक बालीहरूतिर फर्कनुपरेको जनाएको छ।

युएनओडिसीका अनुसार सन् २०२२ मा किसानहरूको आम्दानी एक अर्ब ३६ करोड अमेरिकी डलर हुने अनुमान छ। यो यस वर्ष ९२ प्रतिशतले घटेर ११ करोड डलर भएको छ। यो घाटाले अफगानिस्तानको पहिला नै सङ्घर्षरत अर्थतन्त्रमा अत्यधिक असर पर्ने आशङ्का गरिएको छ। गत वर्ष विश्वको अग्रणी उत्पादक अफगानिस्तानमा कुल कृषि उत्पादनको मूल्यमा पप्पी बालीको योगदान करीब एक तिहाइ थियो।

"आज अफगानिस्तानका मानिसलाई गुमेको आम्दानीको आघातको सामना गर्न र जीवन बचाउन तत्काल मानवीय सहयोगको आवश्यकता छ," युएनओडिसीका कार्यकारी निर्देशक घाडा वेलीले एक विज्ञप्तिमा भने, "अन्य सबै उत्पादन कपास, गहुँका लागि धेरै पानी चाहिन्छ तर अफगानिस्तानले लगातार तीन वर्षदेखि खडेरीको सामना गरिरहेको छ।"

अफगानिस्तानको आन्तरिक मन्त्रालयको लागूऔषध विभागले युएनओडिसीको प्रतिवेदनमा पप्पीको उत्पादनको अनुमानमा केही हदसम्म सहमत भएको जनाएको छ। रासस

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### माइग्रेशन हराएको सूचना

मिति २०८० साउन ३० गते घण्टाघरदेखि ठाराब क्याम्पस जाने क्रममा मेरो राष्ट्रिय परीक्षा बोर्ड, कक्षा १२ को माइग्रेशन प्रमाणपत्र रजिष्ट्रेशन नं. ७८२३३०३०७१५०, सिम्बल नं.: २३३०३०७७, सिरियल नं.: M0534313 हराएको हुँदा पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मोबाइल ९८०७२१८५२० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सरिता शर्मा**
ठेगानाः सिम्रौनगढ नपा-६, बारा
हालः वीरगंज मनपा-१०

### आजको राशिफल

| | |
|---|---|
| मेष – वाहनकष्ट | वृष – मित्रमिलन |
| मिथुन – कान्तिक्षय | कर्कट – अन्नलाभ |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – पदोन्नति | वृश्चिक – राज्यभय |
| धनु – रोगभय | मकर – यात्रालाभ |
| कुम्भ – शत्रुभय | मीन – कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बुक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



# सिम्रौनगढमा एमालेको शुभकामना समारोह

प्रस, सिम्रौनगढ, २० कात्तिक/

नेकपा एमालेको सिम्रौनगढ नगरपालिकाको आयोजनामा आइतवार


तस्वीरः प्रतीक

दीपावली तथा छठ पर्वको शुभकामना अदानप्रदान कार्यक्रम सिम्रौनगढ नपा–११ भगवानपुरमा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि नेकपा एमालेका पोलिटब्युरो सदस्य एवं प्रतिनिधिसभा सदस्य अच्युत मैनालीले पार्टीको नाममा लडाइँ झगडा नगरी पर्व शान्तिपूर्वक मनाउन सुझाए । उनले संविधानले सबैलाई स्वतन्त्र बनाएको र सोही अनुसार सबै आफ्नो खुशी दलमा समावेश हुन पाउने अधिकार भएको बताए । मत खसाल्ने, पार्टी हितमा काम गर्ने तर शिक्षा, स्वास्थ्यलगायतका विकासका काममा बाधा अवरोध नगर्न पनि आग्रह गरे । उनले वडा, नगर, प्रदेश र केन्द्रको विकासमा बाधा, अवरोध नगरी विकासको काममा सघाउन सुझाए ।

नेकपा सिम्रौनगढ नगर कमिटीका अध्यक्ष महेन्द्रप्रसाद जयसवालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य राजपतीदेवी जयसवाल, संविधानसभा सदस्य बलवीर चौधरी, एमाले प्रदेशसभा सदस्य केवल चौधरी, ढुंडीराज उप्रेती, परमानन्द मुखिया, वडाध्यक्ष सुरेन्द्रप्रसाद जयसवाल, नेकपा एसका रमेश पञ्जाली, नेकाका रामेश्वर मेहतालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा एमाले नेता सुरेश कुशवाहाले स्वागत र रामेश्वर यादवले सहजीकरण गरेका थिए ।


## बालबालिकाको भविष्य उज्ज्वल बनाऔं ।

- बालबालिकाको पहिलो तीन वर्ष महत्त्वपूर्ण हुन्छ,
- त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरूले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरूसँग नियमित अन्तर्क्रिया गरौं,
- यस अवधिमा उनीहरूसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाइबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## प्रथम वीरगंज गोल्डकपः दोस्रो दिनको खेलमा सङ्कटा क्लब विजयी

प्रस, वीरगंज, १९ कात्तिक/

भेट्रान्स सिटी क्लब, वीरगंजको आयोजनामा शनिवारदेखि वीरगंजको आदर्शनगर रङ्गशालामा सञ्चालन भइरहेको प्रथम वीरगंज गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत आइतवार दोस्रो खेल सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

दोस्रो दिनको खेलमा दुई नेपाली टीमले प्रतिस्पर्धा गरेका थिए, जसमा सङ्कटा क्लब विजयी भयो । चर्च ब्वाइज युनाइटेडलाई चार गोलअन्तरले पराजित गर्दै सङ्कटा क्लब विजयी भएको हो । सङ्कटा क्लबका समीर राईले खेल शुरू भएको २३औं मिनेटमा पहिलो गोल गरेका थिए । यसैगरी मध्यान्तरपछिको ३०औं मिनेटमा सङ्कटाका गणेश हमालले एक गोल र मध्यान्तरपछिको खेलको ३४औं र ४२औं मिनेटमा विदेशी खेलाडी फोफानो फोर्डले दुई गोल गरी चार गोलको अग्रता दिलाउँदै विजयी बनाएका थिए । खेलको 'म्यान अफ दी म्याच' फोर्ड भएका थिए ।

भोलि सोमवार नेपाल पुलिस क्लब र क्लाइभ हाउस दमदम कोलकाता, भारतबीच हुनेछ ।

## परसवा गोल्डकप : बकुलिया बारा सेमिफाइनलमा प्रवेश

प्रस, सेढवा, १९ कात्तिक/

न्यू एभरेस्ट क्लब, परसवा, जीराभवानी गाउँपालिका–३ को आयोजनामा जारी परसवा गोल्डकप–२०८० को आइतवार दोस्रो क्वार्टरफाइनल खेल सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

दोस्रो क्वार्टरफाइनलमा त्रिशूल युवा क्लब बकुलिया बाराले मनहर्वा बारालाई टाइब्रेकरमा पराजित गरी सेमिफाइनलको यात्रा सुरक्षित गरेको छ । निर्धारित समयमा दुवै टीमले एक/एक गोलको बराबरी गरेपछि टाइब्रेकरबाट निर्णय गरिएको थियो ।

टाइब्रेकरमा बकुलियाले मनहर्वाको दुई गोल हुन नदिएपछि जीत सुनिश्चित भएको हो । बकुलियाका गोलकीपर तबरेज मियाँले दुईवटा गोल बचाएकाले उनी आजको खेलको 'म्यान अफ दी म्याच' घोषित भए ।

भोलि तेस्रो क्वार्टरफाइनल खेलमा पटेर्वासुगौली देकुली र निचुटा भिड्ने आयोजक संस्थाका अध्यक्ष उमाकान्त चौधरीले बताए ।

## आइसिसी टी–२० विश्वकप एशिया क्षेत्र छनोटको उपाधि ओमानलाई

काठमाडौं, १९ कात्तिक/रासस

आइसिसी टी–२० विश्वकप एशिया क्षेत्र छनोट प्रतियोगिताको उपाधि ओमानले जितेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइतवार भएको फाइनलमा नेपाललाई सुपर ओभरमा पराजित गर्दै ओमानले उपाधि हात पारेको हो ।

निर्धारित २० ओभरको खेल बराबरीमा टुङ्गिएपछि खेल सुपर ओभरमा पुगेको थियो । सुपर ओभरमा पहिले ब्याटिङ गरेको ओमानले २१ रन बनायो । बाइस रनको लक्ष्य पछ्याएको नेपालले पहिलो बलमा कुशल भुर्तेलको विकेट गुमायो । ओमानका लागि बिलाल खानले दोस्रो बल डट राखे भने तेस्रो र चौथो बलमा नेपालले एक/एक रन बटुल्यो ।

पाँचौ र छैटौं बलमा कुशल मल्लले लगातर दुई चौका प्रहार गरे पनि नेपालको जीतका लागि त्यो पर्याप्त भएन र उपाधि ओमानले जित्यो ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १८४ रन बनायो । जवाफी ब्याटिङमा उत्रिएको ओमानले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १८४ रन नै बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो ।

ओमानका लागि कश्यप प्रजापतिले ५२ बलमा ३ चौका र ४ छक्कासहित ६३ रन बनाए । कप्तान जिशान मकसुदले १८ बल खेल्दै दुई चौका र एक छक्का प्रहार गर्दै २६ रन बनाए । अकिब इल्यास १९ बलमा २ चौका र ३ छक्कासहित ३३ रन बनाए भने प्रतीक अथावाले सात रन जोडे ।

नेपालका लागि सन्दीप लामिछाने र करण केसीले दुई/दुई विकेट लिए भने सोमपाल कामी, गुल्शन झा, अविनाश बोहोरा र विवेक यादवले एक/एक विकेट लिए ।

नेपालको पारीमा गुल्शन झाले २५ बलमा चार छक्का र पाँच चौकाको मदतमा ५४ रनको योगदान दिए । नेपालले पाँचौं विकेटका रूपमा गुल्शनलाई गुमाएको थियो । त्यस्तै, कप्तान पौडेलले अविजित ५२ रन बनाए । उनले ३७ बल खेल्दै पाँच चौका र दुई छक्काको मदतमा ५२ रन बनाए ।

नेपालले पहिलो विकेटका रूपमा आसिफ शेखलाई गुमायो । छ बल खेलेको आसिफले एक छक्का प्रहार गरे । बिलाल खानको तेस्रो ओभरको चौथो बलमा आसिफ शेख कश्यप प्रजापतिबाट क्याच आउट भए ।

त्यस्तै, नेपालले दोस्रो विकेटका रूपमा सन्दीप जोरालाई गुमायो । सन्दीपले १० रन बनाए । उनले १३ बलमा एक चौका प्रहार गरे । जिसन मक्सुदको बलमा सन्दीप आउट भएका हुन् ।

यसैगरी, कुशल भुर्तेललाई नेपालले तेस्रो विकेटका रूपमा गुमायो । कुशलले ३१ रन बनाए । उनले २२ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । उनी अकिब इलियासको बलमा आउट भए ।

चौथो विकेटका रूपमा अकिब इलियासले कुशल मल्ललाई तीन रनमा आउट गरे ।

त्यसैगरी, विवेक यादवले तीन रन बनाएर आउट भए भने करण केसीले अविजित २० रन जोडे । बलिङतर्फ ओमानका बिलाल खानले तीन विकेट लिए भने अकिब इलियासले दुई विकेट लिए । त्यस्तै, जिसन मकसुदले एक विकेट लिए । यसअघि भएको समूह चरणको अन्तिम खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको थियो ।

## श्रीलङ्का क्रिकेटका दोस्रो सबैभन्दा ठूलो अधिकारीले दिए राजीनामा

कोलम्बो, १९ कात्तिक/एएफपी

श्रीलङ्का क्रिकेटका एक शीर्ष अधिकारीले आइतवार पदबाट राजीनामा दिएका छन् । विश्वकपमा रेकर्ड हारपछि खेलमन्त्री रोशन रणसिङ्घेले क्रिकेट बोर्डमाथि भ्रष्टाचारको आरोप लगाउँदै राजीनामा दिन भनेपछि ती अधिकारीले राजीनामा दिएका हुन् ।

श्रीलङ्का क्रिकेट बोर्डका सचिव एवं दोस्रो सबैभन्दा ठूला अधिकारी मोहन डि सिल्भाले आफूले अस्ट्रेलियाबाट आफ्नो राजीनामा पठाएको बताए । उनलाई अस्ट्रेलियामा हृदयाघात भएको पत्ता लागेको थियो ।

गत साता विश्वकप आयोजक भारतसँग श्रीलङ्काको ३०२ रनको लज्जास्पद हारपछि मन्त्री रणसिङ्घेले सार्वजनिकरूपमा आक्रोश व्यक्त गर्दै श्रीलङ्का क्रिकेट अधिकारीहरूलाई पदमा बसिरहने कुनै नैतिक अधिकार नभएको बताए । "तिनीहरूले स्वेच्छिक राजीनामा दिनुपर्छ," उनले भने ।

डिसिल्भाले अस्ट्रेलियामा नियमित मेडिकल जाँचका क्रममा आफूलाई हृदयाघात भएको थाहा भएको भन्दै बोर्डमा आफू निर्वाचित पदबाट राजीनामा दिने निर्णय गरेको बताए । उनले आफ्नो चिकित्सा अवस्था 'स्पष्टरूपमा क्रिकेट विवादसँग सम्बन्धित तनाव र चिन्ताका' कारण भएको उल्लेख गर्दै परिवारले आफूलाई पदबाट राजीनामा दिन भनेको बताए ।

बिहीवार मुम्बईमा भारतको ३५८ रनको स्कोरलाई पछ्याउँदा श्रीलङ्का एक समयमा १४–६ को स्थितिमा थियो र ५५ रनमा अलआउट भयो । यो विश्वकपको इतिहासमा चौथो सबैभन्दा कम स्कोर हो ।

शनिवार मन्त्री रणसिङ्घेले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)का पूर्ण सदस्यहरूलाई पत्राचार गरेर उनीहरूको समझदारी र समर्थनका लागि आग्रह गरेका थिए । "श्रीलङ्कन खेलाडीहरूको अनुशासनको मुद्दा, व्यवस्थापन भ्रष्टाचार र म्याच फिक्सिङको आरोपमा श्रीलङ्का क्रिकेट घेरिएको छ," पत्रमा रणसिङ्घेको भनाइ उद्धृत गर्दै श्रीलङ्काली मिडियाले बताएका छन् ।

आइसिसीले राजनीतिक हस्तक्षेप भएको भन्दै बोर्डमा भएको भ्रष्टाचारको छानबीन गर्न गत महीना नियुक्त गरिएको तीन सदस्यीय प्यानल फिर्ता लिन मन्त्रीलाई बाध्य पारेको थियो ।

भारतसँगको लज्जास्पद हारको व्याख्या गर्न कोचिङ स्टाफलाई बोलाइएको बोर्ड स्रोतले बताएको छ । श्रीलङ्काले सन् १९९६ यता विश्वकप जित्न सकेको छैन ।

विश्वकप विजेता कप्तान अर्जुना रणतुङ्गाका भाइ एवं अर्का क्याबिनेट मन्त्री प्रसन्ना रणतुङ्गाले अगस्तमा संसद्लाई सन् १९९६ को जीत 'हाम्रो क्रिकेटका लागि सबैभन्दा ठूलो अभिशाप भएको' बताएका थिए । उनले भनेका थिए, "सन् १९९६ पछि क्रिकेट बोर्डमा पैसा आउन शुरू भयो र सँगै चोर्न चाहनेहरू पनि क्रिकेट बोर्डमा आए ।" रासस